रोशी गाउँपालिकाको

संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन

रोशी गाउँपालिका
कटुन्जेबेसी, काभ्रेपलाञ्चोक
बाग्मती प्रदेश
नेपाल ।
२०७७

शासकीय सुधार (संगठन तथा व्यवस्थापन सर्वेक्षण) प्रतिवेदन २०७७

प्रकाशकः रोशी गाउँपालिका
कटुन्जेबेसी, काभ्रेपलाञ्चोक
बाग्मती प्रदेश
नेपाल ।
इमेलः roshi2073@gmail.com
बेभसाइटः https://www.roshimun.gov.np
सर्वाधिकारः प्रकाशकमा
प्राविधिक सहयोगः नीति अनुसन्धान तथा परामर्श सेवा,
गठ्ठाघर, भक्तपुर ।
प्रकाशन वर्षः २०७८ वैशाख ।
मुद्रणः रोशी गाउँपालिका, कटुन्जेबेसी, काभ्रेपलाञ्चोक
नेपाल ।

संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन

मस्यौदा दस्तावेज

रोशी गाउँपालिका

कटुन्जेबेसी, काभ्रेपलाञ्चोक

बाग्मती प्रदेश

नेपाल ।

२०७७

विषयसूची

परिच्छेद १

परिचय १-३

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ सर्वेक्षण गर्ने संस्थाको परिचय १

१.३ सर्वेक्षण अध्ययनको उद्देश्य १

१.४ सर्भेक्षण अध्ययनको कार्यक्षेत्र २

१.५ अध्ययन विधि र प्रक्रिया २

१.५.१ दस्तावेजहरूको अध्ययन र समीक्षा २

१.५.२ संगठन विकास तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी विधि, प्रक्रिया र औजारको विकास २

१.५.३ बैठक, पदाधिकारी, कर्मचारी तथा सरोकारवाला पक्षसँग परामर्श २

१.५.४ सहभागितात्मक कार्यशाला २

१.५.५ संगठन तथा स्थानीय सेवा संचालन अवस्था र विश्लेषण ३

१.५.६ सर्वेक्षण प्रतिवेदन तयारी ३

१.६ सर्वेक्षण अध्ययनको विधि र सिमा ३

परिच्छेद-२

गाउँपालिकाको अधिकार तथा कार्यक्षेत्र र विकासको प्रारुप ४-५

२.१ संवैधानिक तथा कानूनी व्यवस्था ४

२.२ गाउँपालिकाको अधिकार तथा कार्य क्षेत्र ४

२.३ स्थानीय सेवाको गठन, कर्मचारीको नियुक्ति र सेवाको शर्तहरू ४

२.४ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्राथमिकता ४

२.५ गाउँ विकासको नीति तथा कार्यक्रम ४-५

परिच्छेद ३

संगठन तथा मानव संशाधनको विद्यमान अवस्था ६

३.१ गाउँपालिकाको विद्यमान सांगठनिक संरचना ६

३.२ कर्मचारी दरबन्दी र कार्यरत कर्मचारीको अवस्था ६

३.३ संगठन विकास र कर्मचारी परिचालनमा देखिएका समस्या तथा बाधाहरू ७

३.४ विकास व्यवस्थापन तथा कार्यसम्पादनमा रहेका समस्या तथा बाधा अड्चनहरू ७

३.५ कार्यविवरण र कार्यसम्पादनको अवस्था ८

परिच्छेद ४

संगठन तथा मानव संशाधनको विद्यमान अवस्था ९-१९

४.१ कार्य विश्लेषण ९

४.१.१ सुशासन, योजना तथा अनुगमन ९-१०

४.१.२ सामाजिक विकास १०-११

४.१.३ पूर्वाधार विकास ११

४.१.४ वातावरण तथा विपद व्यवस्थापन ११-१२

४.१.५ आर्थिक विकास १२-१३

४.१.६ आर्थिक प्रशासन १३

४.२ कार्यबोझको विश्लेषण १३

४.३ कार्यप्रकृतिको विश्लेषण १३

४.४ परिवर्तनको औचित्य १४

४.५ उपलब्ध स्रोतको आंकलन १४

४.६ कर्मचारी समायोजन तथा तह मिलान १४

४.७ प्रस्तावित संगठन संरचनाका आधारहरू १४

४.८ कार्य समूहिकरण १४

४.८.१ सेवा समूह १४

४.८.२ सेवामा रहने पदका तहहरू १४

४.९ संगठन संरचना प्रस्ताव तयारी १४-१८

४.१० मानव संशाधन दरबन्दी प्रस्ताव तयारी....१८
४.११ प्रक्षेपित उपलब्धि....१८
४.१२ जोखिम र जोखिम न्यूनिकरणका उपायहरू....१८-१९
४.१३ कार्यविवरण तर्जुमा....१९
४.१४ संगठन तथा पदीय कार्यविवरण....१९
परिच्छेद ५
संगठन तथा कर्मचारी व्यवस्थापन....२०-२१
५.१ पदसोपान, अधिकार प्रत्यायोजन, सुपरीवेक्षण तथा कार्यसम्पादन....२०
५.२ दरबन्दी मिलान तथा पदपूर्ति....२०
५.३ स्रोत साधनको उपलब्धता र आवश्यकता....२०
५.४ कार्यात्मक ठाडो तथा तेर्सो अन्तरसम्बन्ध....२०
५.५ समन्वय र प्रतिवेदन....२०
५.६ निस्कर्ष तथा सुझावहरू....२०
५.६.१ निस्कर्षहरू....२०
५.६ .२ सुझावहरू....२०

अनुसूची खण्ड

अनुसूची १ संगठनात्मक कार्यविवरण....२२-३६
अनुसूची २ पदीय कार्यविवरण....३७-९८
अनुसूची ३ प्रस्तावित संगठनको आर्थिक विवरण....९९

रोशी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण-२०७७

परिच्छेद १

परिचय

१.१ अध्ययनको पृष्ठभूमि:

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र तीनै तहले संविधान र कानून बमोजिम राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ । यसैगरी संविधानले संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र निर्धारण गरी स्व–शासन, साझा–शासन र स्वायत्तताको मर्म अनुरुप स्थानीय सरकारले काम गर्ने प्रत्यक्ष अधिकार क्षेत्रको मोडेलमा आधारित स्थानीय शासनको व्यवस्था गरेको छ । संविधानबाटै तहगत सरकारका अधिकारक्षेत्रको व्यवस्था तथा आवधिक निर्वाचनमार्फत तहगत सरकार गठनको प्रत्याभूति गरिएको छ । तीनै तहका सरकारहरूले संविधान र कानूनको सीमाभित्र रही त्यस्तो अधिकार क्षेत्रको स्वायत्ततापूर्वक प्रयोग गर्ने गरी स्पष्ट रुपमा जिम्मेवारीसमेत निर्धारण गरेको छ । तहगत सरकारहरू आफ्ना अधिकार क्षेत्रका बिषयमा कानून बनाउने, योजना तथा बजेट तर्जुमा, कार्यान्वयन तथा नतिजा मापनका लागि स्वायत्त हुने व्यवस्था गरिएको छ । राज्यको अग्रगामी संघीय पुनर्संरचना गर्ने संवैधानिक प्रतिवद्धता अनुसार नेपाललाई संघ, ७ वटा प्रदेश र ७५३ नगरपालिका वा गाउँपालिकामा तथा ७७ जिल्लामा पुनसंरचना गरिएको छ । संवैधानिक व्यवस्था र राजनीतिक प्रतिवद्धता अनुसार स्थानीय, प्रदेश र संघ तहको विभिन्न चरणमा सफलतापूर्वक चुनाव सम्पन्न भई हाल तीन तहका सरकारहरू पूर्ण सञ्चालनमा रहेको पनि ३ वर्ष पूरा भैसकेको छ । संघीय शासन व्यवस्थामा स्थानीय सरकारलाई नागरिकको घरदैलोको सरकारको रुपमा हेरिएको हुन्छ । तसर्थ राजनीतिक र अवधारणागत रुपमा पनि स्थानीय सरकारसँग जनताको अपेक्षा बढी नै हुने गर्दछ । नागरिकको आवश्यकता तथा अपेक्षा सम्बोधनको लागि स्थानीय सरकार अझ बढी सबल, सक्षम र जवाफदेही हुन आवश्यक छ । अर्को शब्दमा सक्षम, सबल र नागरिकप्रति संवेदनशिल तथा जवाफदेही स्थानीय सरकारबाट मात्रै जनचाहाना सम्बोधन हुन सक्दछ । यसकालागि स्थानीय सरकारको संगठन विकास र व्यवस्थापन क्षमता अभिवृद्धि हुन आवश्यक छ ।

यस पृष्ठभूमिमा स्थानीय शासन सञ्चालन गर्ने निर्वाचित जनप्रतिनिधिको नेतृत्व तथा निर्देशनमा स्थानीय नीति, कानून, कार्यविधि र मापदण्ड निर्माण, योजना तथा बजेट तर्जुमा, संगठन विकास तथा विकास प्रशासन र सेवा प्रवाहलाई सुव्यवस्थित र प्रभावकारी बनाउन आवश्यक छ । यसका लागि स्थानीय तहको कार्यविभाजन, संगठन संरचना तथा व्यवस्थापन रणनीति तयार गरी स्थानीय सेवा सञ्चालन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण आवश्यक रहेको छ ।

१.२ सर्वेक्षण गर्ने संस्थाको परिचय:

यस रोशी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management (O & M) Survey) को काम गर्न गाउँपालिकाबाट "नीति अनुसन्धान तथा परामर्श सेवा,गठ्ठाघर, भक्तपुर" लाई जिम्मेवारी दिए बमोजिम यो सर्वेक्षण प्रतिवेदन तयार गरिएको छ । यस कार्यमा परामर्शदाताको रुपमा यस संस्थालाई छनौट गरेकोमा आभार व्यक्त गर्दछौं ।

१.३ सर्वेक्षण अध्ययनको उद्देश्य:

रोशी गाउँपालिकाको शासन संचालन, नीति, ऐन, नियम र कार्यविधि तर्जुमा, संगठन तथा विकास व्यवस्थापन र सेवा प्रवाहमा गुणात्मक सुधार गर्न रोशी गाउँ कार्यपालिका कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यका निम्न उद्देश्यहरू रहेका छन्,-

(१) विद्यमान संगठन संरचनाको बारेमा अध्ययन गर्नु,
(२) गाउँपालिकाको विद्यमान कार्यढाँचाको बारेमा अधययन गरी सम्भावित सुधारका क्षेत्रहरूको बारेमा पहिचान गर्नु,
(३) गाउँपालिकाको कार्यहरूको बारेमा अध्ययन गर्नु,
(४) गाउँपालिकाको मौजुदा कार्य अवस्थाको आधारमा प्रस्तावित संगठनात्मक ढाँचा तयार गरी पेश गर्नु,
(५) गाउँपालिकाका संगठनात्मक ढाँचाको कार्यात्मक अन्तरसम्बन्ध कायम गर्नु ।

१.४ सर्भेक्षण अध्ययनको कार्यक्षेत्र

गाउँपालिका, वडा तथा सेवा केन्द्रहरूको स्थलगत अध्ययन, छलफल, परामर्शको आधारमा मौजुदा रूपमा गाउँपालिकाबाट सम्पादन गरिदै आएका कार्यहरू प्रचलित कानून बमोजिम सम्पादन गरिने कार्यहरूको विश्लेषणको आधारमा यो प्रतिवेदन तयार गरिएको हो ।

१.५ सर्वेक्षण विधि तथा प्रक्रिया

प्रस्तुत अध्ययन रोशी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, कार्यापालिका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख तथा अन्य कर्मचारीहरूसँगको समन्वय र सहकार्यमा तयार गरिएको छ । यसका लागि आवश्यकता अनुसार आवश्यक सामग्री अध्ययन गर्ने, अध्ययनको औजारहरू तयारी गर्ने, कार्यशालाहरू सहजिकरण गर्ने, प्रारम्भिक प्रतिवेदन, मस्यौदा प्रतिवेदन र अन्तिम प्रतिवेदन तयारी गरिएको छ । यस कार्यमा परामर्शदाताका मुख्य कार्यहरू बुँदागत रुपमा देहाय तोकिएका थिए,-

(१) संघीय शासन व्यवस्था अनुसार स्थानीय सरकारको रुपमा स्थापित रोशी गाउँपालिकाको संगठन विकास तथा व्यवस्थापन सर्वेक्षण विधि, प्रक्रिया, औजार तथा ढाँचाको तयारी,
(२) रोशी गाउँपालिकाको संगठन विकास तथा व्यवस्थापन सर्वेक्षणसँग सम्बन्धित नीति, कानून, निर्देशिका तथा मापदण्ड तथा सान्दर्भिक दस्तावेजहरूको अध्ययन तथा पुनरावलोकन,
(३) संगठन विकास तथा व्यवस्थापन सर्वेक्षण विधि, प्रक्रिया तथा भूमिका बारे रोशी गाउँ कार्यपालिकाका पदाधिकारी, सर्वेक्षण कार्यदल, कर्मचारी तथा सरोकारवाला प्रतिनिधिहरूसँग छलफल,
(४) सर्वेक्षण प्रक्रिया अन्तर्गत आयोजना हुने कार्यपालिका, कार्यदल, विषयगत समिति, कर्मचारी तथा सरोकारवालाको बैठक, परामर्श र उपलब्ध सूचना तथा विवरण अभिलेखन,
(५) संगठन संरचना तथा मानव संशाधनको विद्यमान अवस्था र परिचालनमा देखिएका परेका समस्या लेखाजोखा,
(६) संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रक्रिया, विद्यमान स्थिति, निष्कर्ष तथा सुझावसहितको सर्वेक्षण प्रतिवेदन तयार ।

परामर्शदाताको तर्फबाट संगठन विकास तथा व्यवस्थापन अध्ययन तथा सर्वेक्षण अवलम्बन गरिएको विधि तथा प्रक्रिया देहायमा उल्लिखित चित्रमा प्रस्तुत गरिएको छ,-

चित्र नं. १



१.५.१ दस्तावेजहरूको अध्ययन तथा समीक्षा

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि संवैधानिक व्यवस्था र संघीय संरचना अनुसार स्थानीय तहको अधिकार क्षेत्रसँग सम्बन्धित विषय, संघ, प्रदेश र स्थानीय तहसँग सम्बन्धित नीति, कानून र मापदण्डसँग सम्बन्धित दस्तावेजहरूको अध्ययन तथा पुनरावलोकन गरियो । अध्ययनको क्रममा विगतमा स्थानीय निकायको रुपमा गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग र निकायहरूको संगठन तथा व्यवस्थापन सम्बन्धी सर्वेक्षण प्रतिवेदन र यससम्बन्धी निर्देशिका लगायतका दस्तावेजहरू अध्ययन तथा विष्लेषण गरियो । यसका साथै संघीय व्यवस्था कार्यान्वयन पछि स्थापित गाउँपालिकाले सर्वेक्षण तथा स्वीकृत गरी कार्यान्वयनमा ल्याएका कार्यविभाजन तथा कार्यसम्पादन नियमावली सहितका ऐन, नीति, नियम तथा कार्यविधिकोअध्ययन तथा समीक्षा गरियो। यसैगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध संगठन संरचना, दरबन्दी तेरिज तथा अन्य सम्बन्धित दस्तावेजहरूको अध्ययन, पुनरावलोकन र विश्लेषण समेत गरियो।

१.५.२ संगठन विकास तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी विधि, प्रक्रिया तथा औजारको विकास

संविधान, नीति, ऐन, नियम तथा निर्देशिका लगायत सम्बन्धित दस्तावेजहरू अध्ययन तथा विश्लेषण, प्रचलित अभ्यासको आधारमा सर्वेक्षण सम्बन्धी विधि, औजार, सूची तथा ढाँचाको विकास गरियो । ढाँचामा संगठन संरचना, कार्य विश्लेषण, दरबन्दी तेरिज, मानव संशाधनको अवस्था र योजना तथा सर्वेक्षण प्रतिवेदनको ढाँचा समेत समावेश गरी गाउँपालिकामा पेश गरी अन्तिम स्वरुप प्रदान गरिएकोछ ।

१.५.३ बैठक, पदाधिकारी, कर्मचारी तथा सरोकारवाला पक्षसँग परामर्श

संगठन तथा व्यवस्थापन सर्वेक्षणको लागि तयार कार्यसूची अनुसार गाउँपालिकाका पदाधिकारी, विषयगत समिति तथा अध्यक्ष, उपाध्यक्ष कार्यपालिका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत तथा विषयगत शाखाका कर्मचारी, नागरिक समाज एवं समुदायमा आधारित संस्थाका प्रतिनिधिहरूसँग व्यक्तिगत तथा सामुहिक परामर्श गरियो । कार्य सूची अनुसार कार्यपालिका, विषयगत समिति तथा वडा समितिसँग बैठक गरी सान्दर्भिक सूचना, विवरण र सुझाव प्राप्त गरियो ।

१.५.४ सहभागितामूलक कार्यशाला

सहभागितात्मक सहजीकरण विधि मार्फत कार्य विश्लेषण गरी गाउँपालिकाको संगठन संरचना, मानव संशाधन र कार्य विवरणको प्रस्ताव तयार गर्न महामारी कोभिडको कारण वडा तहमा गई छलफल कार्यक्रम गर्ने सम्भावना नगरहेको हुँदा नेपाल सरकारले तोकेको स्वास्थ्यका मापदण्डको पालना गरी २०७७ पौष ५ गते गाउँ कार्यपालिकामा अध्यक्ष, उपाध्यक्ष प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू र प्रारम्भिक मस्यौदा उपर मिति २०७७/ / भकुण्डेवेसी .....रिसोर्टमा प्रमुख प्रशासकीय अधिकृतको समुस्थितिमा शाखाप्रमुख, सञ्चारकर्मीसँग छलफल कार्यक्रम आयोजना गरिएको थियो । छलफल कार्यक्रममा परामर्शदाता संस्थाका विषयविज्ञहरूद्वारा संगठन तथा व्यवस्थापन सर्वेक्षणको अवधारणा, आवश्यकता र प्रक्रिया तथा स्थलगत अध्ययन तथा परामर्शबाट प्राप्त संगठन संरचना, मानव संशाधन र कार्यविवरणसम्बन्धी विद्यमान अवस्था बारे प्रस्तुत गरियो । यस प्रकार परामर्श, बैठक तथा कार्यशाला देहायको चित्रमा प्रस्तुत गरे अनुसार सञ्चालन गरिएको थियो।

चित्र नं. २



१.५.५ संगठन तथा स्थानीय सेवा सञ्चालन अवस्था विश्लेषण

संविधान, नीति, कानून तथा मापदण्ड अनुसार स्थानीय सरकारको रुपमा गाउँपालिकालाई कामको जिम्मेवारसँगै राजस्व अधिकार, विकास प्रशासन तथा सेवा प्रवाहको जिम्मेवारी प्राप्त भएको छ । संवैधानिक अधिकारलाई कार्यविभाजन तथा कार्यसम्पादन नियमावली बमोजिम प्रभावकारी रुपमा पुरा गर्न गाउँपालिकाको संगठनलाई समसामयिक रुपमा सुदृढ, सक्षम, चुस्त र दुरुस्त बनाउन विद्यमान अवस्था र चाहेको अवस्था बीचको अवधारणगत र कार्यात्मक खाडल पहिचान गरी सहभागितामूलक कार्यशालाको सुझावको आधारमा संगठन संरचना, दरबन्दी र कार्यविवरणको विश्लेषण गरिएको थियो ।

१.५.६ सर्वेक्षण प्रतिवेदन तयारी

सान्दर्भिक दस्तावेजहरूको अध्ययन तथा संवैधानिक र कानूनी अधिकार बमोजिको गाउँपालिकाको कार्य विश्लेषण, पदाधिकारी, कर्मचारीसँगको परामर्शको आधारमा गाउँपालिकाको संगठन विकास र मानव स्रोतको विद्यमान अवस्थाको लेखाजोखा गरी संगठन संरचना, कर्मचारीको आवश्यकता र कार्य विवरण सम्बन्धी प्रारम्भिक विश्लेषण विवरण तयार गरिएको छ ।

संवैधानिक अधिकार, नीतिगत र कानूनी व्यवस्था, कार्य विश्लेषण एवं संगठन संरचना र दरबन्दीको प्रारम्भिक सर्वेक्षण कार्यदल गाउँ कार्यपालिका, विषयगत समिति, वडा समिति र कर्मचारी बैठक पदाधिकारी, कर्मचारी र सरोकारवाला प्रतिनिधिसँग परामर्श एवं यस सम्बन्धी दस्तावेज अध्ययन, बैठकबाट प्राप्त सूचना तथा विवरणको अन्तरसम्बन्ध विश्लेषण तथा त्रिभुजीकरण गरी प्राप्त सुझावको आधारमा प्रभावकारी सेवा सञ्चालनको लागि उपयुक्त र चुस्त संगठन संरचना तथा सांगठनिक तथा पदीय कार्य विवरणको प्रस्ताव सहितको मस्यौदा सर्वेक्षण प्रतिवेदन तयार गरिएको छ । मस्यौदा प्रतिवेदनलाई कार्यपालिका, अध्यक्ष,उपाध्यक्ष, कर्मचारी र सरोकारबाला बीच पुनः प्रस्तुत गरी सुझाव समेत समेटेर प्राप्त गरी सर्वेक्षण प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरियो ।

१.६ सर्भेक्षण अध्ययनको विधि र सीमा

गाउँपालिकाले यस अध्ययनको लागि करीब २ महिनाको समय सीमा दिएको थियो । सो अवधिभित्र नीति अनुसन्धान तथा परामर्श सेवाले गाउँपालिका अधयक्ष, उपाध्यक्ष प्रमुख प्रशाकीय अधिकृत, विषयगत शाखा प्रमुखहरू, वडाध्यक्ष, कार्यपालिका सदस्यहरू, वडा सचिव लगायत अन्य पदाधिकारीहरू, कर्मचारीहरूसँग गाउँपालिकाको वर्तमान संरचना, यसका सबल पक्ष, चुनौतिका बिषय र गाउँपालिकाको लागि आवश्यक जनशक्तिको अवधारणा बारे छलफल गरेको थियो ।

बाग्मती प्रदेश अन्तर्गत रहेका विभिन्न स्थानीय तहको संगठन र विकास सम्बन्धमा गरिएका अध्ययन प्रतिवेदनको अध्ययनका साथै केही वडा र सेवा केन्द्रमाकार्यरत कर्मचारीसँग संगठनको हालको अवस्था, कार्यबोझ, मानव संशाधनसँग जोडिएका समस्या बारे जानकारी लिने कार्यक्रम सम्पन्न भएको थियो । प्रत्यक्ष भेटघाटमा प्रश्नावली नभई मुख्यतयाः अन्तरक्रियाका माध्यमबाट गाउँपालिकाले प्रदान गर्नुपर्ने सेवाबारे धारणा संकलन गर्ने कार्य भयो । परामर्शदाताले गाउँपालिकाका ऐन, नियम, प्रकाशनहरू तथा उपलब्ध राष्ट्रिय प्रकाशनहरू अध्ययन गरेको थियो ।

परिच्छेद २

गाउँपालिकाको अधिकार तथा कार्यक्षेत्र र विकासको प्रारुप

२.१ संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधानले नेपाल राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने र राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने गरी क्षेत्राधिकार र जिम्मेवारी किटान गरेको छ । संविधानबाटै स्थानीय तहको अनूसूचि ८ मा एकल अधिकार र अनूसूचि ९ मा साझा अधिकार क्षेत्र व्यवस्था गरेकोछ । संघ र प्रदेश तहबाट प्रत्यायोजित कतिपय अधिकारहरू समेत स्थानीय तहले सम्पादन गर्नु पर्ने देखिएको छ जस्तैः व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रम आदि । संवैधानिक व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन गर्न संघीय संसदले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बनाई जनताको घरदैलोको सरकारको रुपमा स्थानीय सरकारलाई स्थापित गरेको छ । ऐनले स्थानीय तहहरूले सम्पादन गर्ने गरी महत्वपूर्ण विषयहरू र कार्यक्षेत्रको व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र १२ मा व्यवस्था भए बमोजिमका कार्यहरू सम्पादन गर्न स्थानीय तहमा ज्ञान, सीप र अनुभवयुक्त बलियो संगठनको आवश्यकता दर्शाएको छ । साथै ऐनको दफा ८३ बमोजिम गाउँपालिकानगरपालिका र गाउँपालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टतालाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्ने व्यवस्थालाई समेत औल्याएको छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा हरेक वडा समितिको कार्यालयको समेत संगठन संरचना समावेश हुनु पर्ने अनिवार्य व्यवस्था गरेको छ ।

२.२ गाउँपालिकाको अधिकार तथा कार्य क्षेत्र

गाउँपालिका तथा गाउँपालिकाको एकल अधिकार नेपालको संविधानको अनुसूची ८ मा उल्लेख भए बमोजिम हुनेछ । अनुसुची ८ मा स्थानीय शासन, निर्णय, विकास र सेवा प्रवाह सम्बन्धी २२ वटा अधिकार क्षेत्र रहेका छन्। यसै गरी अनुसूची ९ मा शिक्षा, स्वास्थ्य, कृष्षि, सहकारी लगायत १५ वटा अधिकार क्षेत्रहरू रहेका छन् । नेपाल सरकार, मन्त्रि परिषदले संविधान अनुसार तीन तहको अधिकार सूचीको विस्तृतीकरण गरी प्रतिवेदन स्वीकृत गरेको छ र उक्त प्रतिवेदन अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत ४३७ वटा विषय क्षेत्र रहेका छन्। यसको अलावा नेपालको संविधानमा समावेश भएका मौलिक हक कार्यान्वयन गर्न जारी भएका ऐनहरू २०७५ ले समेत गाउँपालिकाका कार्यजिम्मेवारी तोकेका छन् । अतःनेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन तथा सङ्घीय एवं प्रदेश ऐन बमोजिम गाउँपालिकालेआफ्नो अधिकार क्षेत्र भित्रको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार नीति, कानून, कार्यविधि, मापदण्ड तथा योजना बनाइ लागू गर्न सक्ने व्यवस्था गरेको छ । यसैगरी सङ्घ वा प्रदेशले आफ्नो अधिकारक्षेत्र भित्रको कुनै विषय गाउँपालिकालाई कानून बनाइ निक्षेपण गर्न सक्ने समेत व्यवस्था रहेको छ ।

२.३ स्थानीय सेवाको गठन तथा कर्मचारी नियुक्ति र सेवाको शर्त

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ११ प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्था अन्तर्गत स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा तथा अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था रहेको र स्थानीय सेवाको स्थायी दरबन्दीको पदमा प्रदेश लोकसेवा आयोगले छनौट गरी सिफारिस गरेको उम्मेदवारलाई मात्र नियुक्ति गर्नु पर्ने व्यवस्था रहेको छ । यससम्बन्धी अन्य व्यवस्था देहायबमोजिम रहेको छः

(१) स्थानीय तहको स्वीकृत स्थायी दरबन्दी मध्येपदपूर्ति गर्नु पर्ने रिक्त दरबन्दीमा यो ऐन प्रारम्भ हुँदाको बखतसम्म अविच्छिन्न रुपमा कार्यरत कर्मचारीहरूलाई यो ऐन प्रारम्भ भएपछि लोकसेवा आयोगबाट सञ्चालन हुने खुला तथा आन्तरिक प्रतिस्पर्धात्मक पहिलो विज्ञापनको परीक्षामा भाग लिन अवसर दिइने, यस्ता कर्मचारीलाई पहिलो विज्ञापनको परीक्षामा सामेल हुन उमेरको हद लाग्ने छैन ।

(२) स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोके बमोजिम हुनेछ र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(३) नेपाल सरकारले स्थानीय तहको मागको आधारमा उपयुक्त देखेमा बढीमा दुई वर्षको लागि स्थानीय तहबाटै तलव भत्ता खाने गरी निजामती सेवाको कुनै कर्मचारीलाई काजमा खटाउन सक्नेछ ।

(४) स्थानीय तहले स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन गर्दा वर्गीकरणमा आधारित तहगत प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

(५) अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नु पर्नेछ ।

(६) कोषमा स्थानीय तहले कर्मचारीले खाइपाइ आएको मासिक तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नु पर्नेछ ।

(७) अवकाश कोषको रकम अन्य प्रयोजनको लागि खर्च गरिने छैन ।

(८) अवकाश कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२.४ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य तथा प्राथमिकता

समृद्ध र सुखी नेपाली दीर्घकालिन राष्ट्रिय सोच अनुसार यस रोशी गाउँपालिकाले आवधिक विकास योजना तर्जुमा गरी गाउँ विकासको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य र प्राथमिकता निर्धारण गर्ने नीति तथा कार्यक्रम तयार गरेको छ । सो अनुसार तर्जुमा हुने सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता र रणनीति अनुसार गाउँ विकासका कार्यहरू सम्पादन र सेवा प्रवाह गरिनेछ । यसका लागि उपयुक्त संगठन विकास र मानव संशाधन योजना तयारी आवश्यक हुन्छ । गाउँपालिकाको अधिकार तथा कार्य क्षेत्रको विषयमा तर्जुमा गरेका नीति, योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न डेस्क अध्ययन, विशेषज्ञ विश्लेषण र सहभागितामूलक सहजीकरण प्रक्रियाद्वारा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन, संरचना, कर्मचारी दरबन्दी र कार्यविवरणको प्रस्ताव तयार गरिनेछ ।

२.५ गाउँ विकासको नीति तथा कार्यक्रम

संघीय शासन तथा संरचना अनुसार नेपालको संविधान बमोजिम २०७३ सालमा स्थापित यस गाउँपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बजेटमा संगठन विकास र व्यवस्थापनसम्बन्धी व्यवस्थालाई सम्बोधन गरेको छ । संघीय संरचना अनुसार स्थानीय सरकारको रुपमा स्थापित स्थानीय तहको चुनावपछि निर्वाचित पदाधिकारीद्वारा तयार तथा स्वीकृत बार्षिक तीन बर्षको नीति, कार्यक्रम तथा बजेटमा उल्लेख संगठन विकास, मावन संशाधन व्यवस्थापनसँग सम्बन्धित नीति तथा कार्यक्रमलाई देहायअनुसार संक्षेपीकरण गरिएको छ ।

(क) आ.व. २०७४/७५ को नीति तथा कार्यक्रम

(१) गाउँपालिकासँग साझेदारी गर्ने सम्पूर्ण गैर सरकारी संस्थाहरूसँग गाउँपालिकाको उद्देश्य प्राप्ति गर्ने विषयमा सहकार्य गरिनेछ । गाउँपालिकाभित्र रहेका सबै सहकारी संघ/संस्थाहरूको नियमन र प्रवर्द्धन गरिनेछ ।

(२) सूचना हक कार्यान्वयन गर्नको लागि गाउँपालिकामा गाउँ सूचना केन्द्र स्थापना गरी सूचनाहरू एउटै स्थानबाट पाउने व्यवस्था हुनेछ ।

(३) स्वास्थ्य चौकी तथा स्वास्थ्य संस्थाहरूको क्षमता विकास गरी जनताले स्वास्थ्य संस्थाबाट पाउने सेवा सुविधाको गुणस्तर बृद्धि गर्न एक्स रे तथा यु.एस.जी. सेवा सञ्चालन गरिनेछ ।

(४) गाउँपालिकाको क्षमता र कार्यसम्पादनकोस्तर बृद्धि गर्दै सेवा प्रवाह प्रक्रियालाई छिटो, छरितो र पारदर्शी बनाउदै सम्मानजनक व्यवहार सहित सेवा प्राप्त गर्न कर्मचारीहरूलाई निरन्तर क्षमता र दक्षता अभिवृद्धिको लागि तालिम र अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ । साथै कार्यसम्पादन सूचकको आधारमा कर्मचारीहरूलाई पुरस्कृत गरिने व्यवस्था गरिनेछ ।

(५) गाउँपालिका बाट प्रदान गरिने सेवाहरूका सम्बन्धमा सेवाग्राहीको सन्तुष्टि मापन गर्न सुझावका आधारमा सेवा प्रवाह प्रणालीमा सुधार गरिनेछ ।

(ख) आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम

(१) कार्यसम्पादन, कार्यवोझको अवस्था र अतिरिक्त समयमा कार्यसम्पादनलाई मध्यनजर गर्दै कर्मचारीहरूको प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

(२) स्वास्थ्य संस्था नभएका वडाहरूमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गर्ने र स्वास्थ्य संस्थाहरूमा यसै आ.व.बाट ल्याव सेवा सञ्चालन गरिनेछ ।

(३) गाउँपालिकाको विकास, सहरी सौन्दर्य अभिवृद्धि, सडक बत्ति व्यवस्थापन जस्ता कार्यमा स्थानीय उद्योगी तथा व्यवसाय संघ/संस्था तथा अन्य निकायहरूसँगको साझेदारीलाई प्राथमिकता दिईनेछ ।

(४) गाउँपालिकाको वडा तथा वस्ती/टोलसम्म नै कृषि तथा पशु क्षेत्रको प्राविधिक सेवा विस्तार गर्दै लगिनेछ ।

(ग) आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम

(१) गाउँपालिकाको सम्पूर्ण क्षेत्रमा कृषि तथा पशु क्षेत्रको प्राविधिक सेवा विस्तार गर्दै यान्त्रिकरणमा जोड दिदै पशुपालन क्षेत्रको विकासमा कृषक समूह, समिति र सहकारी र गैह्र सरकारी संस्थासँग साझेदारी गरिनेछ ।

(२) न्यून पारिश्रमिकमा सेवा गरिरहेका बालकक्षा शिक्षिका र कर्मचारी प्रोत्साहनलाई निरन्तरता प्रदान गरिनेछ ।

(३) गाउँलाई व्यवस्थित बनाउदै लैजाने उद्धेश्य अनुरुप गाउँ प्रहरीकोको व्यवस्था गरिनेछ ।

(४) राजश्व प्रशासनलाई वर्तमान परिप्रेक्षमा प्रविधिमैत्री बनाउदै सुधारका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

(५) गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूमा विद्यालय स्वास्थ्य कार्यक्रम क्रमश:लागू गरिनेछ ।

परिच्छेद ३

संगठन तथा मानव संशाधनको विद्यमान अवस्था

३.१ गाउँपालिकाको विद्यमान सांगठनिक संरचना

संघीय शासन व्यवस्था अनुसार राज्यको पुनःसंरचना प्रक्रियाबाट स्थापित यस गाउँपालिकाको शासन सञ्चालन, निर्देशन र नियन्त्रण गाउँ कार्यपालिकाबाट हुदै आएको छ । कर्मचारी समायोजन भैसकेको अवस्थामा वडा कार्यालयसमेत गाउँ कार्यपालिकाबाट प्रवाह गर्ने सेवा सुविधा र सम्पादन गर्ने कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउन आवश्यक भैसकेको छ । संगठनलाई समसामयिक बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तत्काल तयार गर्नु पर्ने देखिन्छ । यस गाउँपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित नमूना संगठन संरचना तथा कर्मचारी दरबन्दीलाई अनुशरण गर्ने प्रयास गरिएको छ ।

उक्त संगठन संरचना अनुसार यस गाउँपालिकाको सन्दर्भमा प्रशासन योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा, सामाजिक विकास शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, आर्थिक प्रशासन शाखा, आन्तरिक लेखापरीक्षण इकाई, स्वास्थ्य तथा सरसफाई र कृषि तथा पशु विकास सेवा केन्द्र गरी ६ वटा शाखा, ५ वटा उपशाखा, ३ वटा इकाई र १० वटा वडा कार्यालयहरू २३ वटा इकाईहरू कायम रहेका छन् । प्रस्तावित संगठन अनुसार कतिपय शाखा, उपशाखा, इकाई स्थापना भई सञ्चालनमा रहेका छन् भने कतिपय गठनको प्रक्रियामा रहेका छन्। सोमध्ये हाल गाउँपालिकामा हाल १६ वटा शाखा, इकाई र केन्द्रहरू सञ्चालनमा रहेको अवस्था छ । यसैगरी मौजुदा दरबन्दी अनुसार केही शाखा, इकाई र केन्द्रमा कर्मचारीको पदपूर्ति भएको छ भने कतिपयमा हुन बाँकी रहेकोछ । उपलब्ध विवरण अनुसार गाउँ कार्यपालिकामा प्रमुख प्रशासकीय अधिकृत समेत ४३ जना कर्मचारी कार्यरत रहेका छन्। सोबाहेक स्वास्थ्य सेवासँग सम्बन्धित मात्र ३५ जना रहेका छन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस गाउँपालिकाको लागि प्रस्तावित संगठन संरचना देहायअनुसार रहेकोछ ।

अनुसूची-१.१

रोशी गाउँपालिका, काभ्रेपलाञ्चोक

गाउँ कार्यपालिकाको कार्यालयको संगठन संरचना



संवैधानिक व्यवस्था तथा कानून अनुसार गाउँ विकासको लक्ष्य, उद्देश्य हासिल गर्न संवैधानिक व्यवस्था तथा कानून अनुसार गाउँ विकासको लक्ष्य, उद्देश्य हासिल गर्न गाउँ कार्यपालिकाले कार्यविभाजन तथा कार्यसम्मादन नियमावली तयार तथा स्वीकृत गरिएको छ । सो बमोजिम वडा कार्यालयको समेत गाउँ कार्यपालिकाबाट प्रवाह गर्ने सेवा सुविधा र सम्पादन गर्ने कार्यलाई प्रभावकारी र नतिजामुखी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यालयको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरण तयार गर्न आवश्यक देखिन्छ।

३.२ कर्मचारी दरबन्दी र कार्यरत कर्मचारीको अवस्था

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस गाउँपालिकाका लागि प्रस्तावित संगठन संरचना दरबन्दी तेरिज अनुसार हाल वडा समितिको कार्यालय समेत गाउँ कार्यपालिका कार्यालका विभिन्न शाखा, इकाई र केन्द्रहरूमा गरी ४३ जना कर्मचारी रहेका छन् । सो मध्ये कर्मचारी समायोजन प्रश्चात प्रमुख प्रशासकीय अधिकृत, शिक्षा सेवाका शाखा अधिकृत (सातौं तह) समेत ६ जना अधिकृत ३७ जना सहायक स्तर र १६ जना कार्यालय सहयोगी (वडामा १२ जनासहित) कार्यरत रहेका छन्। गाउँपालिका हाल कार्यरत विभिन्न सेवा समूह र तहका कर्मचारीको विवरण देहायअनुसार रहेकोछ ।

अनुसूची २

रोशी गाउँपालिका, काभ्रेपलान्चोक

गाउँ कार्यपालिकाको कार्यालयको दरबन्दी तेरिज

क.स.	पद	तह	सेवा	समूह	उपसमूह	स्वीकृत दरबन्दी	अन्य सेवाबाट समायोजन हुने दरबन्दी	बाँकी दरबन्दी	कैफियत
१	प्रमुख प्रशासकीय अधिकृत	८ औं	प्रशासन	सा.प्र.		१			
२	इन्जिनियर	७/८ औं	इन्जि.	सिभिल		१		१	
३	अधिकृत	७/८ औं	शिक्षा	शि.प्र.		१		१	
४	अधिकृत	७/८ औं	प्रशासन	लेखा		१		१	
५	अधिकृत	६ औं	प्रशासन	सा.प्र.		२		२	
६	आन्तरिक लेखापरीक्षक	५ औं	प्रशासन	लेखा		१		१	
७	सहायक	५ औं	प्रशासन	सा.प्र.		४		४	
८	कम्प्युटर अपरेटर	५ औं	विविध			१		१	
९	लेखा सहायक	५ औं	प्रशासन	लेखा		१		१	
१०	प्रा.स.	५ औं	शिक्षा	शि.प्र.		१		१	
११	हे.अ.	५/६ औं	स्वास्थ्य	हे.ई.		१		१	
१२	सब-इन्जिनियर	५ औं	इन्जि.	सिभिल		१		१	
१३	अ.सब.इन्जिनियर	चौथो	इन्जि.	सिभिल		१		१	
१४	स. महिला विकास निरिक्षक	चौथो	विविध			१		१	
१५	खा.पा.स.टे.	चौथो/पाँचौ	इन्जि.	सिभिल	स्यानीटरी	१		१	
कार्यालय तर्फ जम्मा						१९	०	१८	
वडा कार्यालय (१२ वटा)									
१	सहायक	५ औं	प्रशासन	सा.प्र.		५		५	
२	सब-इन्जिनियर	५ औं	इन्जि.	सिभिल		५		५	
३	सहायक	चौथो	प्रशासन	सा.प्र.		७		७	
४	अ. सब-इन्जिनियर	चौथो	इन्जि.	सिभिल		७		७	
								०	
वडा कार्यालय तर्फ जम्मा						२४	०	२४	
कुल जम्मा						४३	०	४२	

नोट : कुनै स्थानीय तहमा तृतीय तहको कर्मचारी कार्यरत भएमा निजलाई स्वीकृत संगठन संरचनाअनुसारको मिल्दो चौथो तहमा कामकाज लगाउन सकिनेछ । त्यस्तो पदमा कार्यरत कर्मचारी जुनसुकै कारणबाट रिक्त भएमा सो पद स्वतः खारेज हुनेछ।
संगठन संरचना भित्र नपरेका सरलकाई, दमकल सञ्चालन, एम्बुलेन्स सञ्चालन, नगर प्रहरी जस्ता स्थायी कर्मचारीलाई हाल कार्यरत रहेकै पदमा कामकाज लगाउन सकिनेछ र त्यस्ता पदमा कार्यरत कर्मचारी कुनै कारणबाट रिक्त भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कामकाज गराउनु पर्नेछ ।
स्थानीय तहमा समायोजन भएका [illegible] चौथो र पाँचौ कर्मचारीहरूलाई निजहरूको शैक्षिक योग्यता समेतको आधारमा सब-ई., अ.स.ई. वा प्रा.स. को पदमा कामकाज लगाउन सकिनेछ ।
यस दरबन्दी भन्दा बाहेक [illegible] स्थायी कर्मचारीहरूले गाउँपालिकाले खटाए बमोजिमको काम गर्नु पर्ने छ ।

सचिव

३.३ संगठन विकास र कर्मचारी परिचालनमा देखिएका समस्या तथा बाधाहरू

सर्वेक्षण तथा व्यवस्थापन सर्वेक्षण प्रक्रियामा गरिएका परामर्श, लक्षित छलफल र सहभागितामूलक कार्यशालाबाट गाउँपालिकाको संगठन संरचना, संगठन विकास र कर्मचारी दरबन्दी, कर्मचारी परिचालनमा विभिन्न समस्या तथा बाधाहरू औंल्याएका छन्। यससम्बन्धी समस्या तथा बाधाहरू देहायअनुसार रहेका छन्ः

(१) गाउँपालिकाको संगठन संरचना तथा कर्मचारी दरबन्दी संघीय संरचना अनुसार समसामयिक र अद्यावधिक हुन नसकेको,

(२) गाउँपालिका कार्यालय तथा वडा समिति कार्यालयमा कार्यरत कर्मचारीले दुई वा विभिन्न सेवा, शाखा र कार्य जिम्मेवारी प्रवाह गर्नु पर्ने वाध्यता रहेको,

(३) गाउँपालिकाको प्राथमिकताका क्षेत्र विशेष गरी कृषि, शिक्षा र स्वास्थ्य तथा राजश्व शाखा, उपशाखामा विशेषज्ञ वा माथिल्लो तहको कर्मचारी दरबन्दीको व्यवस्था नभएको,

(४) गाउँ कार्यपालिका कार्यालयमा राजस्व उपशाखा गठन नभएको,

(५) वडा समितिको कार्यालयमा कानून सम्मत कार्यहरूको निक्षेपणको व्यवस्था गरी कर्मचारीको दरबन्दीको व्यवस्था हुन नसकेको

(६) वडा समितिको कार्यालयमा वडा सचिवको रुपमा सहायकस्तर चौथो वा पाँचौं देखि स्वास्थ्य सेवा समेतका विभिन्न सेवाका कर्मचारीलाई जिम्मेवारी दिई सेवा सुचारु गरेको

(७) वडा समितिको कार्यालयमा संरचना र दरबन्दीमा कृषि तथा पशुपन्छी तर्फका प्राविधिक रहने व्यवस्था गर्न नसकिएको,

(८) विद्यमान संगठन संरचना अनुसार संगठनात्मक कार्यविवरण तथा गाउँपालिकामा समायोजन भई आएका एवं कार्यरत कर्मचारीहरूलाई कार्य विवरण उपलब्ध नभएको

३.४ विकास व्यवस्थापन तथा कार्यसम्पादनमा रहेका समस्या तथा वाधा अड्चनहरू

संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रक्रियामा गाउँपालिकाका पदाधिकारी, विषयगत तथा प्रशासनिक कर्मचारी र नागरिक समाजका प्रतिनिधिसँग गरिएको परामर्श तथा लक्षित छलफलबाट गाउँपालिकाको विकास व्यवस्थापन र कार्यसम्पादनसँग सम्बन्धित समस्या ताथ बाधा अड्चनलाई देहायका बुँदामा संक्षेपीकरण गरिएको छ,-

(१) गाउँ तथा वडास्तरीय विकास आयोजना कार्यान्वयन र सेवा प्रवाह गर्ने दक्ष र सीपयुक्त कर्मचारी न्यून रहेको,

(२) कार्यरत कर्मचारीहरूमा कम्प्युटर तथा विद्युतीय माध्यममा आधारित सेवा प्रवाह र कार्यसम्पादन गर्ने कर्मचारी नभएको,

(३) गाउँ कार्यपालिकामा प्राथमिकताका क्षेत्रहरू विशेष गरी कृषि विकास, पूर्वाधार, शिक्षा र स्वास्थ्यमा विशेषज्ञ तहका कर्मचारी नभएको,

(४) संविधान र संघीय कानूनले स्थानीय तहहरूमा वडा कार्यालयलाई सेवा प्रवाह केन्द्रको रुपमा रहने परिकल्पना गरेको र संगठन विकास, कर्मचारी समायोजन र व्यवस्थापन गर्दा यस तर्फ ध्यान पुग्न नसकेको,

(५) संगठन विकास, क्षमता तथा कर्मचारीको न्यूनताको कारण गाउँपालिकाको समग्र विकासलाई मार्गदर्शन गर्ने आवधिक तथा विषय क्षेत्रगत गुरुयोजना, मध्यमकालीन खर्च संरचना र आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन समेत आयोजना बैंक तयार गरी सो अनुसार बार्षिक योजना तथा बजेट तर्जुमा हुन नसकेको,

(६) संवैधानिक तथा कानूनी आधार बमोजिम कर तथा गैर करको दायरा र दर तथा राजस्व प्रशासनलाई सरल, व्यवस्थित र सूचना प्रविधियुक्त बनाउन नसकिएको,

(७) विकास कार्य तथा सेवा प्रवाहलाई उपलब्धि तथा नतिजामूलक बनाउन आवश्यक नीति, ऐन, नियम, कार्यविधि, मापदण्ड तथा औजारहरूको निर्माण र प्रयोग हुन नसकेको ।

३.५ कार्य विवरण र कार्यसम्पादनको अवस्था

कर्मचारी समायोजन प्रक्रिया पश्चात् नीति तथा कार्यक्रम अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी वडा समितिको कार्यालय समेत गाउँपालिकाको संगठन संरचना, कर्मचारी आवश्यकता र कार्य विवरण तयारी यो नै पहिलो प्रयास हो । संगठन तथा व्यवस्थापन सर्वेक्षणको दौरान गाउँपालिकाका पदाधिकारी, कर्मचारीसँग गरिएको परामर्श, लक्षित छलफल र सहभागितामूलक कार्यशालाबाट संगठनात्मक र पदीय कार्य विवरण र कार्यसम्पादनको विद्यमान अवस्थालाई देहायअनुसार बुँदामा प्रस्तुत गरिएको छ,-

(१) स्वास्थ्य सेवा बाहेक गाउँ कार्यपालिका कार्यालयमा कार्यरत कर्मचारीलाई कार्यविवरण उपलब्ध नभएको,

(२) समायोजनको पत्रअनुसार कार्य जिम्मेवारी प्रदान गरी कार्य सम्पादन गरिएको,

(३) शाखा, उपशाखा,इकाई तथा सेवा केन्द्रको सांगठनिक कार्यविवरण तयार नभएको र प्रचलित व्यवस्था अनुसार कर्मचारीबाट कार्य सम्पादन हुँदै आएको,

(४) संगठन विकासको अवधारणा, कार्य विश्लेषण अनुसार कार्यविभाजन, कार्यदिशको एकात्मकता, नियन्त्रणको सीमा, अधिकार प्रत्यायोजन, कार्यसम्पादन मूल्याङ्कन र सुपरिवेक्षण प्रणाली स्थापना नभएको,

(५) कर्मचारी समायोजन प्रश्चात उपलब्ध तथा कार्यरत कर्मचारीबाट कार्य सम्पादनको अभ्यास भैरहेको तर कर्मचारी उत्प्रेरणा र दक्षता न्यूनताको कारण अपेक्षा अनुरुप सरल, छिटो तथा दक्षतापूर्वक कार्य सम्पादन तथा सेवा सुचारु हुन नसकेको,

(६) कर्मचारीको क्षमता तथा वृत्ति विकास लगायत उत्प्रेरणा अभ्यास शुरु नभएको र सो को लागि आवश्यक पहल हुन नसकेको,

(७) संगठन संरचना, कार्यविभाजन र कार्यविवरणमा स्पष्टता नहुँदा कर्मचारी व्यवस्थापन प्रभाव हुन नसकेको र यसबाट गाउँपालिकाको विकास कार्यको सम्पादन र सेवा प्रवाहमा अपेक्षाकृत रुपान्तरण हुन नसकेको ।

परिच्छेद ४

संगठन र सेवा व्यवस्थापन प्रारुप तथा ढाँचा

४.१ कार्य विश्लेषण

गाउँपालिकालाई जीवन्त र समृद्ध बनाउन सम्पूर्ण गाउँपालिकावासी, विभिन्न क्षेत्रका वुद्धिजीवी, निजीक्षेत्र आदि सबैको आ-आफ्नै भूमिका र महत्व रहन्छ । सबैक्षेत्रबाट सहयोग सद्भाव प्राप्त गर्ने जिम्मेवारी रोशी गाउँपालिका कै हो । यसको लागि गाउँपालिकाको कार्यप्रक्रिया श्रोत साधन र निर्वाचित जनप्रतिनिधिको प्रतिवद्धता कर्मचारी संयन्त्रको कार्यशैली र क्रियाशीलता प्रष्ट पारदर्शी र सेवामुखी हुनु आवश्यक हुन्छ । गाउँपालिका स्थानीय सरकार भएको हुँदा विकास निर्माण, सरसफाइ, वातावरण, शिक्षा, स्वास्थ्य, सामाजिक विकास, युवा परिचालन र खेलकुद, बजार नियमन अनुगमन, न्यायिक समितिका कार्यहरू, राजस्व संकलन, श्रोत व्यवस्थापन तथा परिचालन, बजेट विनियोजन, पारदर्शी खर्च व्यवस्थापन तथा सुशासनका विविध पक्ष, सार्वजनिक जीवनका विभिन्न पक्ष आदि समेत संविधानको अनुसूची ८ को एकल अधिकार र अनुसूची ९ बमोजिमको संयुक्त अधिकारका विषय हुन् । स्थानीय सरकार संचालन ऐनको दफा ११ को उपदफा २ खण्ड (क) देखि (फ) सम्मका विषय र उपदफा ४ मा उल्लेख भए बमोजिम खण्ड (क) देखि (ट) सम्मका विषयहरू साथै यसका अतिरिक्त उपदफा ५ मा उल्लेख भएका खण्ड (क) देखि (घ) सम्मका (भूमि व्यवस्थापन, संचार सेवा र यातायात सेवा) कार्यक्रम रहेका छन् ।

कार्यक्रमका प्रकृति र कार्यक्षेत्र स्वयं नै प्रष्ट भएको हुँदा संविधान तथा संघीय कानून प्रदत्त अधिकार र कार्य क्षेत्र एवं गाउँ कार्यपालिकाबाट स्वीकृत कार्य विभाजन तथा कार्य सम्पादन नियमावली अनुसार सम्पादन गर्नु पर्ने कार्य तथा प्रवाह गर्ने सेवाको आधारमा गाउँपालिकाको कार्य विश्लेषण गरिएको छ । कार्य विश्लेषणको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रक्रियाबाट गाउँपालिकाको संगठन संरचना, कर्मचारी दरबन्दी र कार्य विवरणको प्रस्ताव तयार गरिएको छ । गाउँ कार्यपालिकाबाट स्वीकृत कार्य विभाजन नियमावली अनुसार कार्य विभाजनको विवरण देहायअनुसार प्रस्तुत गरिएको छ,-

१. सुशासन, योजना तथा अनुमगन

स्थानीय सेवाको व्यवस्थापन

(१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन गर्ने,
(२) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय गर्ने,
(३) सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास सम्बन्धी कार्य गर्ने,
(४) स्थानीय कानून बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी निर्धारण गर्ने,
(५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन गर्ने,
(६) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने ।

गाउँ प्रहरी

(१) गाउँ प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा गाउँ प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन गर्ने ।

स्थानीयस्तरका विकास आयोजना तथा परियोजना

(१) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
(२) आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,
(३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,
(४) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन,
(५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सोसम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,
(६) राष्ट्रिय भवनसंहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,
(७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,
(८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,
(९) सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,
(१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको "घ" वर्गको ठेक्का इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी,
(११) पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,
(१२) नवीन पर्यटकीय सेवा तथा कार्यसम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,
(१३) विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।

गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

(१) गाउँसभा सम्बन्धी नीति, कानून र कार्यविधि,
(२) स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,
(३) सभाका समितिहरूको गठन र सञ्चालन ,
(४) स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,
(५) कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवश्यक निर्देशन,
(६) विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन,
(७) गाउँपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन,
(८) स्थानीय मेलपिलाप र मध्यस्थता,
(९) गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन

(१) स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
(२) आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन सम्बन्धी कार्य,
(३) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराई दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन सम्बन्धी कार्य,
(४) सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याङ्कको सङ्कलन र व्यवस्थापन,
(५) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन सम्बन्धी अन्य कार्य,

स्थानीय अभिलेख व्यवस्थापन

(१) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,
(२) जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पाश्र्वचित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन,
(३) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,
(४) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यावसायको विवरण सहितको अद्यावधिक अभिलेखन,
(५) आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन
(६) स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,
(७) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

एफ.एम. सञ्चालनः

(१) एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी,
(२) प्रदेश कानूनको अधीनमा रही एफ.एम. सञ्चालन सम्बन्धी अन्य कार्य ।

२. सामाजिक विकास

आधारभूत तथा माध्यामिक शिक्षा

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन, नियमन,
(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
(६) गाउँ शिक्षा समिति गठन तथा व्यवस्थापन,
(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
(८) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
(९) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
(१०) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
(११) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
(१२) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
(१३) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
(१४) विद्यार्थी सिकाई उपलब्धिको परीक्षण र व्यवस्थापन,
(१५) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
(१६) ट्यूसन, कोचिङ्गजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
(१७) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
(१८) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
(१९) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
(२०) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
(२१) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम, क्षमता विकास,
(२२) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

आधारभूत स्वास्थ्य र सरसफाइ

(१) आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषणसम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन,
(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन,
(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,
(४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,
(६) सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,
(७) स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनःउपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,
(८) रक्त सञ्चार सेवाको सञ्चालन तथा स्थानीय र शहरी स्वास्थ्य सेवा,

(९) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,

(१०) सरसफाइ तथा स्वास्थ्य क्षेत्रबाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग

(११) समन्वय, सहकार्य र साझेदारी,

(१२) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,

(१३) महिला तथा बालबालिकाको कुपोषण न्यूनिकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

(१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) पुरातात्विक, प्राचीन स्मारक,सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास,

(३) परम्परागरत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,

(४) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी अन्य कार्य,

(५) प्रचलित कानून विरुद्धका कसै विपरीत तथा कुसंस्कार विरुद्ध सामाजिक परिचालनसम्बन्धी कार्य ।

जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन

(१) सङ्घ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,

(२) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

(३) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

(४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,

(५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,

(६) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापनसम्बन्धी अन्य कार्य

३. पूर्वाधार विकास

स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाई

(१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसा, सिँचाई र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,

(३) स्थानीय स्तरका सिँचाई प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,

(४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,

(५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य ।

खानेपानी, साना जलविधुत आयोजना, वैकल्पिक उर्जा

(१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,

(३) एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड,योजना तर्जुमा,

(४) कार्यान्वयन, अनुगमन र नियमन,

(५) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन,

(६) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन,

(७) स्थानीय तहमा वैकल्पिक ऊर्जासम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन,

(८) खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक ऊर्जा सम्बन्धी अन्य कार्य ।

जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण

(१) भूमिको वर्गीकरण अनुसारको लगत,

(२) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,

(३) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,

(४) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरणमा सहजीकरण सम्बन्धी अन्य कार्य।

४. वातावरण तथा विपद व्यवस्थापन

वातावरण र जैविक विविधता संरक्षण

(१) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण, सरसफाइ तथा फोहरमैला व्यवस्थापन,

(३) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग,

(४) वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन,

(५) स्थानीयस्तरमा न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(६) स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रर्वद्धन, वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,

(७) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी कार्य

विपद् व्यवस्थापन

(१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,

(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,

(४) विपद्जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,
(५) समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग विपद् व्यवस्थापनमा सहयोग, समन्वय र सहकार्य,
(६) विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,
(७) विपद्जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,
(८) विपद्पश्चात स्थानीयस्तरको पुनःस्थापना र पुनर्निर्माण,
(९) स्थानीयस्तरको विपद्सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
(१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,
(११) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,
(१२) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

जलाधार, वन्ययजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण

(१) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,
(२) पानी मुहानको संरक्षण,
(३) सामुदायिक भू-संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,
(४) भू–संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,
(५) खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन,
(६) बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्बर्द्धनमा सहयोग,
(७) ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,

५. आर्थिक विकास शाखा

कृषि तथा पशुपालन कृषि उत्पादन व्यवस्थापन,

(१) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,
(२) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,
(३) कृषि तथा पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,
(४) पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन,
(५) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन,
(६) पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,
(७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,

पशु स्वास्थ्य

(१) स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,
(२) पशु आहारको गुणस्तर नियमन,
(३) स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,
(४) पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,
(५) पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण,
(६) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य ।

बेरोजगारको तथ्याङ्क सङ्कलन

(१) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,
(२) स्थानीय स्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन,
(३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन,
(४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथ व्यवस्थापन,
(५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,
(६) वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन,
(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनःएकीकरण,
(८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,
(९) बेरोजगारको तथ्याङ्क सङ्कलनसम्बन्धी अन्य कार्य आदि ।

कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण

(१) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन
(२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,
(३) कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,
(४) कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,
(५) कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,
(६) स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,
(७) कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,

(८) स्थानीयस्तरका कृषि तथा पशुपन्छीसम्बन्धी स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन,

(९) प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रसार,

(१०) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य ।

सहकारी संस्थाः

(१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,

(२) आफ्नो भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन ।

बजार व्यवस्थापन तथा अनुगमन

(१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) बजार तथा हाट बजार व्यवस्थापन, स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,

(३) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,

(४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,

(५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,

(६) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,

(७) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान,

(८) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा बजार व्यवस्थापन तथा अनुगमन,

(९) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन,

(१०) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन

(११) स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण तथा प्रमाणिकरण

६. आर्थिक प्रशासन

स्थानीय कर, सेवा शुल्क तथा दस्तुरः

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन

(३) ट्रेकिङ्ग, कयाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्पिङ, जिपफ्लायर, र्‍याफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क संकलन

(४) स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन, राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान

(५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन

(६) ढुँगा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुँगा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन,

(७) सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र संकलन

४.२ कार्यबोझको विश्लेषण

गाउँपालिकाको कार्यक्षेत्रमा बढोत्तरीसँग कार्यवोझमा समेत विस्तार भएको छ । कार्यबोझमा भएको विस्तारलाई व्यवस्थित कार्य विभाजन गरेर गाउँपालिकाले गाउँ कार्यपालिका चलाउने प्रक्रियालाई दक्ष सृजनशील र उत्तरदायी जनशक्तिले मात्र यो कार्यवोझ वहन गर्ने सामर्थ्य राख्दछ ।

गाउँपालिकाले गर्ने गरेका मुख्य काम १. सेवाप्रवाह, २. विकास निर्माण, ३. फोहोर मैला व्यवस्थापन, ४. सम्पत्ति संरक्षण श्रोत परिचालन हुन् । यी सबै सेवा र कार्यहरू प्रभावकारी तथा संन्तोष जनक भएको पाइदैन । कर्मचारीको दरबन्दी न्यून भएको साथै पदहरू रिक्त रहेको अवस्था पनि छ । नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार रुपान्तरित स्थानीय तह (सरकार) ले नियमित रुपमा संचालन गर्दै आएका सेवाप्रवाह, विकास निर्माण र फोहोर मैला व्यवस्थापन आदि कार्यहरू बाहेक परम्परागत रुपमा केन्द्रीय सरकारी निकायस्तरबाट संचालित प्राय कार्यहरू जस्तै आधारभूत माध्यमिकशिक्षा, आधारभूत स्वास्थ्य, सहकारी, बजार नियमन, खाद्य गुणस्तर, महिला, बालबालिका, घरेलु उद्योग तथा करका विविध क्षेत्रका प्रशासनिक कार्यहरू समेत गर्नु परेको छ । यसले कार्यक्षेत्रमा बढोत्तरी भएसँगै जनशक्तिको माग समेत बढेको छ ।

४.३ कार्यप्रकृतिको विश्लेषण

नेपालको संविधानले निर्धारण गरेका २२ वटा अधिकारहरूको सूची, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ एवं नेपालको संविधानमा समावेश भएका मौलिक हक कार्यान्वयन गर्न जारी भएका ऐनहरू २०७५ र अन्य विषय क्षेत्रगत ऐनहरूले गाउँपालिकाको भूमिका र जिम्मेवारी सम्बन्धमा प्रष्ट व्यवस्था गरेका छन् । गाउँपालिकाले विकास निर्माणको कार्यको अलावा सेवा प्रवाह र नियमनको समेत कार्य गर्नुपर्ने अवस्था रहेको छ । नेपाल सरकारले समय समयमा गरेका राष्ट्रिय एवं अन्तराष्ट्रिय प्रतिवद्धता, प्रदेश सरकारको प्रतिवद्धता र स्वयं गाउँपालिकाको प्रतिवद्धता अनुरूप सिर्जित दायित्व पूरा गर्न पनि गाउँपालिकाले सांगठनिक तथा प्रशासनिक क्षमता बढाउनु पर्ने देखिन्छ ।

बाग्मती प्रदेशमा नै रहेका अन्य स्थानीय तह र स्वयं काभ्रेपलाञ्चोक जिल्लामा रहेका स्थानीय तहमा रहेका क्षमताको आधारमा प्रतिस्पर्धी सेवा प्रवाह गर्नुपर्ने चुनौतियुक्त वातावरण एकातिर रहेको छ भने छिमेकी गाउँपालिका तथा नगरपालिकाहरूले प्रदान गर्ने सेवा भन्दा उम्दा सेवा प्रदान गर्ने गाउँवासीको मागलाई पनि सम्वोधन गर्नुपर्ने अवस्था रहेको छ । गाउँपालिकाबाट मात्र सेवा प्रदान गर्ने भन्दा पनि विभिन्न क्षेत्रमा क्षमता र योग्यता भएका सेवा प्रदायकहरूमार्फत पनि सेवा प्रदान गर्ने दायित्व समेत गाउँपालिकामा रहेबाट पर्याप्त नियमनकारी सेवा प्रवाह गर्नुपर्ने अवस्थाले कार्यप्रकृतिमा परिवर्तन भएको छ । सो अनुसार कार्य प्रकृतिको विश्लेषण गरी आगामी दिनमा यस गाउँपालिकामा हुने कार्यबोझ समेतलाई दृष्टिगत गरी सोही आधारमा संगठन संरचना र जनशक्तिको व्यवस्थापन गर्ने गरी प्रस्ताव गरिएको छ ।

गाउँपालिकाले नियमित रुपमा गर्दै आएका विकास निर्माणका काम, सेवा प्रवाहका कार्यहरू, भवन निर्माण स्वीकृति कार्य आदिबाहेक सडक निर्माण संरक्षण शिक्षा, स्वास्थ्य, सहकारी, बजार नियमन, उपभोग्य वस्तुको गुणस्तर, उपभोक्ता हितसम्बन्धी, श्रोत पहिचान र परिचालन जस्ता समेत कार्यहरू गाउँपालिकाका सम्पादन हुनुपर्ने अवस्था छ । ग्रामीण परिवेशको यस गाउँपालिकाले सेवाको गुणस्तर तथा कार्य पद्धतिले अन्य स्थानीय सरकारलाई पनि मार्गदर्शन गर्न सक्ने हुनु पर्दछ । अतः गाउँपालिकाको संगठनात्मक कार्य विवरणमा विषय पनि पर्ने हुँदा गाउँपालिकाले यस्ता पक्षलाई संवोधन गर्ने गरी जनशक्ति व्यवस्थापन गर्ने तर्फ ध्यान दिन आवश्यक छ ।

४.४ परिवर्तनको औचित्य:

नेपालको संविधानले परिकल्पना गरेको सामाजिक रुपान्तणकालागि स्वफूर्त सेवा प्रदायक विकास र स्थानीय सरकार संचालन ऐन २०७४ ले विस्तृत रुपमा निर्धारण गरेको कार्यक्षेत्रका आधारमा स्थानीय सरकारका रुपमा जिम्मेवार र उत्तरदायी भई कार्य सम्पादन गर्नु पर्दछ । यसको अलावा शिक्षा, स्वास्थ्य, बजार नियमन विकास निर्माणका कार्यक्रममा भएको बढोत्तरीको आधारमा कार्यबोझ, कार्यप्रकृति र कार्यदक्षताको आधारमा विद्यमान संगठन संरचनाको परिवर्तन अपरिहार्य भएकोछ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन र अन्य विषयगत ऐनमामा भएको व्यवस्था भएबमोजिम गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई मितव्ययी, पारदर्शी, प्रभावकारी बनाउने आधार तयार भएको छ । यसै आधारभूमिमा टेकेर गाउँपालिकाको कार्यपद्धति र प्रक्रियामा सुधार गर्न संस्थागत तथा संघीयतालाई आत्मसात गर्नसक्ने मानवीय स्रोतको समेत आवश्यक भएको छ । यसै सन्दर्भमा गाउँपालिकाको संगठन संरचना र दरबन्दीमा हेरफेर तथा परिवर्तन गरी नयाँ संगठन संरचना र दरबन्दी कायम गर्नुपर्नाको औचित्य निम्नानुसार छन्,-

(१) संविधान तथा सम्बन्धित ऐनले प्रदान गरे अनुसारको कार्य सम्पादन गर्न,

(२) स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरे अनुसारको कार्यसम्पादन गर्न आवश्यक पर्ने संगठन संरचना र त्यसमा कर्मचारीको कार्य विवरण लागू गर्न,

(३) संगठनको कार्य सरलीकरण र छरितो व्यवस्थापन गर्न,

(४) सांगठनिक संरचनालाई उपयुक्त आकारमा ल्याउन,

(५) संगठनलाई समसामायिक रुपमा सुदृढ, सक्षम, चुस्त र दुरुस्त तुल्याउन,

(६) सेवाग्राहीलाई उपलब्ध गराउनुपर्ने सेवा सुविधाको प्रभावकारिता अभिवृद्धि गर्न,

(७) संगठनलाई प्रभावकारी, कार्यमूलक तथा उपलब्धिमूलक तुल्याउन,

(८) गाउँपालिकाको अनावश्यक आर्थिक व्ययभार घटाउन,

(९) कार्य जिम्मेवारीको दोहोरापना घटाउन ।

४.५ उपलब्ध मानव श्रोतको आंकलन

विद्यमान संगठन संरचनामा अधिकांश दरबन्दीको पदपूर्ति भएको अवस्था छ । दरबन्दी नभएपनि कर्मचारी समायोजन भइ आएर कामकाज गरिरहेको अवस्था रहेको र जसमा ८ औं तह (प्रमुख प्रशासकीय अधिकृत बाहेक) सम्मका कर्मचारी रहेको देखिन्छ । अधिकांश कर्मचारी प्रशासन सेवाका रहेका र अन्य प्रकृतिका काम जस्तै सिभिल इन्जिनियरिङ लगायत अन्य प्रविधि, शिक्षा, स्वास्थ्य, वातावरण व्यवस्थापन श्रोत पहिचान तथा परिचालन, वजार नियमन, गुणस्तर नियन्त्रण तथा नियमन आदि कार्यमा विशेषज्ञताको पर्याप्तता भएको पाइदैन । विषयगत अनुसन्धान विश्लेषणको पक्षमा गाउँपालिकाको ध्यान जान सकेको अवस्था छैन । कर्मचारीको कार्यसम्पादन मापदण्ड पारदर्शी भएको छैन । कार्यालय सहयोगी लगायत तल्लो तहका कर्मचारीहरू परिचालन खर्च र उपलब्धिको आंकलन तथा मूल्याङ्कन पारदर्शी हुन सकेको छैन । कर्मचारी संयन्त्रका जिम्मेवार व्यक्तिहरूको कार्य प्रतिको समर्पणलाई चुस्त र शीघ्र सेवा प्रवाहमा रुपान्तरण गर्न निकै मेहेनत गर्नु पर्ने अवस्था छ ।

४.६ कर्मचारी समायोजन तथा तह मिलान:

समायोजन ऐन अनुसार नेपाल सरकारको निर्णयानुसार विभिन्न मितिमा कर्मचारी समायोजन भएर आएपनि अन्यत्र स्थानीय तह (गाउँपालिका वा नगरपालिका) मा सरुवा सहमिति प्राप्त गरी कर्मचारी सरुवा भैरहेको देखिएको छ । यसर्थ कर्मचारी समायोजनको खास संख्या कति भयो भन्ने यकिन गर्न कठिन भएपनि सर्वेक्षण गरेको अवधिमा गाउँपालिकामा अधिकृतस्तरका ..... जना र सहायकस्तरका ..... जना कर्मचारी समायोजन भइ कार्यरत रहेको देखिन्छ । यद्यपि सो संख्या मौजुदा कार्यबोझ र बढ्दो जनसंख्याको आधारमा अपर्याप्त रहेको देखिन्छ ।

४.७ प्रस्तावित संगठन संरचनाका आधारहरू

गाउँपालिकाको प्रस्तावित संगठनस्वरुप तयार गर्दा तल लेखिएका विषयलाई समेत आधार बनाइएको छ ।

(१) विद्यमान संगठनसंरचना, गाउँपालिकाले गर्दै आएका सेवा प्रवाह र योजना निमाण, विकासमा कर्मचारी संयन्त्रको भुमिका,

(२) संविधान र कानूनले स्थानीय सरकार (गाउँपालिका)लाई प्रत्याभूत गरेको कार्यक्षेत्र,

(३) केन्द्र र वडाहरूको प्रशासनिक, आर्थिक र संगठन सम्बन्ध,

(४) शाखा, उपशाखा र वडासमेतको तहगत कर्मचारीको कार्य विवरण

(५) संघ, प्रदेशसँगको सम्बन्ध समन्वयका विषय ।

(६) गाउँपालिकाका मुख्य कार्यहरू र सहायक कार्यहरूको विश्लेषण गरी अन्य सेवा प्रदायकहरूबाट सेवा लिने बारे विश्लेषण ।

४.८ कार्य समूहिकरण

४.८.१ सेवा समूह : प्रस्तावित संगठन संरचनामा ६ वटा शाखा रहने छन्। सेवा समूह देहाय अनुसार हुनेछन्।

(१) व्यवस्थापन तथा योजना सेवा (प्रशासन, न्याय,राजस्व, व्यवस्थापन, लेखा, योजना)

(२) सुरक्षा सेवा (गाउँ प्रहरी, विपद् व्यवस्थापन)

(३) निर्माण संभार सेवा (भवन, खानेपानी, ढलनिकास, बाटोपुल)

(४) प्राकृतिक श्रोत तथा वातावरण सेवा (कृषि, पशु सेवा, वन, वातावरण)

(५) शिक्षा तथा सामाजिक सेवा (शिक्षा, महिला तथा बालबालिका,सामाजिक सेवा)

(६) स्वास्थ्य तथा सरसफाई सेवा

(७) विविध (सूचना प्रविधि)

४.८.२ सेवामा रहने पदका तहहरू: प्रस्तावित संगठन संरचनामा देहाय बमोजिमका तहहरू तथा पदहरू रहने छन्,-

(१) व्यवस्थापकीय तह : यस अन्तर्गत ८ तहका पदहरू रहने छन्।

(२) पेशाविद् तह : यस अन्तर्गत ६ देखि ७ तहसम्मका पदहरू रहने छन्।

(३) सहायक तह : यस अन्तर्गत १ देखि ५ तहसम्मका पदहरू रहने छन्।

४.९ संगठन संरचना प्रस्ताव तयारी

नेपालको संविधान, सान्दर्भिक नीति, ऐन, नियम, कार्यविधि र दस्तावेजहरूको अध्ययन, पदाधिकारी, कर्मचारी र लक्षित समूह छलफल तथा सहभागितामूलक कार्यशाला गोष्ठीबाट कार्य विश्लेषण गरी संगठन संरचनाको प्रस्ताव तयार गरिएको छ । प्रस्तावित संगठन संरचनामा छलफल र निर्णयको लागि कार्यपालिकाको निर्णायार्थ पेश गरिएको छ । प्रस्तावित संगठन संरचनामा गाउँ कार्यपालिकाबाट प्राप्त सुझावको आधारमा संगठन संरचनाको अन्तिम प्रस्ताव तयार गरिएको छ । उक्त प्रस्ताव बमोजिम संगठन संरचनामा ६ वटा विषयगत शाखा, १५ वटा उपशाखा, २ वटा इकाई, ४ वटा सेवा केन्द्र र १२ वटा वडा समितिको कार्यालय समावेश गरिएका छन् । संगठन संरचनामा नियन्त्रणको सिमाको अवधारणाबाट एक शाखा अन्तर्गत अधिकतम ४ वटा उपशाखा र न्यूनतम १ वटा शाखा र औसतमा प्रति शाखा ३ वटा उपशाखा समावेश गरिएका छन् । संगठन संरचनाको ढाँचा देहायअनुसार रेखाचित्रमा प्रस्तुत गरिएको छ,-

गाउँपालिकाको संगठन संरचना



वडाको सांगठनिक संरचना

वडा नं. १,६,७,९ र ११ को लागि



वडा नं. २,३,४,५,८,१० र १२ को लागि



पुनश्च:

* कृषि तथा पशुपन्छी इकाईमा कृषि तर्फ ३ वडा र पशुपन्छी तर्फ २ वडा १ जना कर्मचाररीले कार्यजिम्मेवारी लिने गरी प्रस्ताव गरिएको।

** स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाइ, आधारभूत स्वास्थ्य केन्द्र अलग कार्यालयको रूपमा नराखी वडा कार्यालय अन्तर्गतको इकाइको रूपमा प्रस्ताव गरिएको भएपनि नेपाल सरकारबाट वा प्रदेश सरकारबाट प्रस्ताव भएको नाममा संगठन संरचना अलग सेवा केन्द्रको रूपमा राख्न सकिने भएकोले थप दरबन्दीको व्यवस्था भएमा सोही बमोजिम र नभएको हकमाहेक माथि प्रस्ताव गरिए अनुसार नै दरबन्दी कायम गरिएको।

*** स्वास्थ्य सेवा इकाई प्रमुख छैठौं तह हुने भएमा निजले वडाध्यक्षको समन्वय र प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही कार्य गर्ने गरी प्रस्ताव गरिएको।

**** स्वास्थ्य इकाई प्रमुख पाँचौं तह र वडा सचिव चौथो तह हुने भएमा पनि निजले वडाध्यक्षको समन्वयमा प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही कार्य गर्नुपर्ने।

सेवा केन्द्रको संगठन संरचना

(क) पशुपन्छी विकास सेवा (चिकित्सकीय सेवा उपलब्ध हुने भएमा)



(ख) आयुर्वेद औषधालयतर्फ



पुनश्चः
(१) वडा सचिव सहायकस्तर पाँचौं तह हुने भएमा कविराज सहायकस्तर पाँचौं तह आयुर्वेद इकाइको प्रमुख रहने इकाइ वडा कार्यालय अन्तर्गत रहने ।

(२) वडा सचिव सहायकस्तर चौथो तह रहने भएमा प्रमुख प्रशासकीय अधिकृत मातहत रहने गरी आयुर्वेद औषधालयलाई प्रस्ताव गरिएको छ ।

क्रम संख्या	पद नाम	तह	सेवा	समूह/उपसमूह	स्थायी	करार	जम्मा
१	प्रमुख प्रशासकीय अधिकृत	राजपत्रांकित तृतीय	प्रशासन	समान्य प्रशासन	१	-	१
२	शिक्षा तथा सामाजिक विकास अधिकृत	अधिकृतस्तर आठौं	शिक्षा	शिक्षा प्रशासन	१	-	१
३	योजना तथा प्रशासन अधिकृत	अधिकृतस्तर सातौं	प्रशासन	समान्य प्रशासन	१	-	१
४	लेखा अधिकृत	अधिकृतस्तर सातौं	आर्थिक	लेखा	१	-	१
५	इन्जिनियर	अधिकृतस्तर सातौं	इन्जिनियरिङ	सिभिल	१	-	१
६	आर्थिक विकास अधिकृत	अधिकृतस्तर सातौं	कृषि	कृषि/पशुपन्छी	१	-	१
७	प्रशासन तथा जनशक्ति विकास अधिकृत	अधिकृतस्तर छैठौं	प्रशासन	सामान्य प्रशासन	१	-	१
८	योजना तथा अनुगमन अधिकृत	अधिकृतस्तर छैठौं	प्रशासन	सामान्य प्रशासन	१	-	१
९	कानून अधिकृत	अधिकृतस्तर छैठौं	कानून	कानून	१	-	१
१०	शिक्षा विकास अधिकृत	अधिकृतस्तर छैठौं	शिक्षा	शिक्षा प्रशासन	१	-	१
११	सूचना प्रविधि अधिकृत	अधिकृतस्तर छैठौं	विविध	सूचना प्रविधि	१	-	१
१२	इन्जिनियर	अधिकृतस्तर छैठौं	इन्जिनियरिङ	सिभिल	२	-	२
१३	सामाजिक विकास अधिकृत	अधिकृतस्तर छैठौं	प्रशासन	सामाजिक विकास	१	-	१

१४	वातावरण तथा विपद् व्यवस्थापन अधिकृत	अधिकृतस्तर छैठौं	वातावरण	वातावरण विज्ञान/इन्जि.	१	-	१
१५	उद्योग सहकारी तथा संघसंस्था समन्वय अधिकृत	अधिकृतस्तर छैठौं	प्रशासन	सामान्य प्रशासन	१	-	१
१६	राजस्व अधिकृत	अधिकृतस्तर छैठौं	आर्थिक	राजस्व	१	-	१
१७	अहेब	अधिकृतस्तर छैठौं	स्वास्थ्य	जनस्वास्थ्य	४	-	४
१८	कविराज	अधिकृतस्तर छैठौं	स्वास्थ्य	आयुर्वेद	१	-	१
१९	प्रशासन सहायक	सहायकस्तर पाँचौं	प्रशासन	सामान्य प्रशासन	६	-	६
२०	लेखापाल	सहायकस्तर पाँचौं	आर्थिक	लेखा	१	-	१
२१	आलेप सहायक	सहायकस्तर पाँचौं	आर्थिक	आलेप	१	-	१
२२	अहेब	सहायकस्तर पाँचौं	स्वास्थ्य	जनस्वास्थ्य	५	-	५
२३	प्राविधिक सहायक	सहायकस्तर पाँचौं	शिक्षा	शिक्षा प्रशासन	१	-	१
२४	सब-इन्जिनियर	सहायकस्तर पाँचौं	इन्जिनियरिङ	सिभिल	२	-	२
२५	सर्वेक्षक	सहायकस्तर पाँचौं	इन्जिनियरिङ	सर्वे	१	-	१
२६	कृषि विकास सहायक	सहायकस्तर पाँचौं	कृषि	पशुपन्छी	१	-	१
२७	गाउँ प्रहरी सहायक निरीक्षक	सहायकस्तर पाँचौं	प्रशासन	प्रहरी	१	-	१
२८	प्रशासन सहायक	सहायकस्तर चौथो	प्रशासन	सामान्य प्रशासन	१२	-	१२
२९	सामाजिक विकास सहायक	सहायकस्तर चौथो	प्रशासन	सामाजिक विकास	१		१
३०	अहेब	सहायकस्तर चौथो	स्वास्थ्य	जनस्वास्थ्य	७	-	७
३१	स्टाफ नर्स	सहायकस्तर चौथो	स्वास्थ्य	पहेन	१३		१३
३२	अनमि	सहायकस्तर चौथो	स्वास्थ्य	अनमि	१२		१२
३३	आयुर्वेद सहायक	सहायकस्तर चौथो	स्वास्थ्य	आयुर्वेद	१		१
३४	पशुपन्छी विकास सहायक	सहायकस्तर चौथो	कृषि	पशुपन्छी	६	-	६
३५	कृषि विकास सहायक	सहायकस्तर चौथो	कृषि	कृषि	५	-	५
३६	गाउँ प्रहरी जवान	सहायकस्तर चौथो	प्रशासन	प्रहरी	४	-	४
३७	कम्प्युटर सहायक	सहायकस्तर चौथो	विविध	सूचना प्रविधि	-	१८	१८
३८	सब-ओभरसियर	सहायकस्तर चौथो	इन्जिनियरिङ	सिभिल	६	-	६
३९	अमिन	सहायकस्तर चौथो	इन्जिनियरिङ	सर्वे	१	-	१
४०	हलुका सवारी चालक	प्रथम/द्वितीय/तृतीय/चतुर्थ/पाँचौं	इन्जिनियरिङ		-	३	३
४१	कार्यालय सहयोगी	प्रथम/द्वितीय/तृतीय/चतुर्थ/पाँचौं	प्रशासन		-	३०	३०
				जम्मा	१०९	५१	१६०

४.१० मानव संशाधन (दरबन्दी) प्रस्ताव तयारी

संविधान तथा संघीय कानून प्रदत्त अधिकार तथा गाउँ कार्यपालिकाबाट स्वीकृत कार्यविभाजन तथा कार्य सम्पादन नियमावलीमा उल्लिखित कार्य क्षेत्रको आधारमा कार्य विश्लेषण गरी तयार संगठन संरचना बमोजिम मानव संशाधनको योजना (कर्मचारी दरबन्दी) तयार गरिएको छ । संगठन संरचना, नियन्त्रणको सिमा र आदेशको एकात्मकता, सुपरीवेक्षण र अधिकार प्रत्यायोजनको आधारमा कर्मचारी दरबन्दीको प्रस्ताव तयार गरिएको छ । कर्मचारी दरबन्दी प्रस्ताव तयार गर्दा पदाधिकारी, कर्मचारी र नागरिक समाजसँगको परामर्श, लक्षित छलफल र सहभागितामूलक कार्यशालाको प्रक्रिया अवलम्बन गरिएको छ । संवैधानिक व्यवस्था, नीति तथा कानून र गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य एवं विषय क्षेत्रगत लक्ष्य, उद्देश्य प्राप्त गर्न प्रस्तुत नीति कार्यक्रम सञ्चालन गर्न देहायअनुसार कुल १६० जना मानव संशाधनको आवश्यकता रहने प्रस्ताव गरिएको छ । उक्त मानव संशाधन स्थानीय सेवा सञ्चालनको लागि प्रदेश लोक सेवा आयोगबाट कर्मचारी छनौट तथा सिफारिश प्रक्रिया, सेवा करार र सेवा खरिद गरी व्यवस्थापन गर्न प्रस्ताव गरिएको छ । प्रस्तावित मानव श्रोत योजना (कर्मचारी दरबन्दी) प्रस्तावलाई देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. .....

प्रस्तावित दरबन्दी विवरणको व्याख्या

४.११ प्रक्षेपित उपलब्धि:

यस अध्ययनबाट गाउँपालिकालाई निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा राखिएको छ,-

(१) गाउँपालिका र अन्तर्गतका शाखा, उपशाखा तथा सेवा केन्द्र एवं आवश्यक कर्मचारी संख्या तथा अनुमानित दायित्य सम्बन्धी प्रतिवेदन तयार हुनेछ ।

(२) गाउँपालिकाको समग्र कार्यप्रभावकारिता र सुधारका पक्षहरूबारे जानकारी हुनेछ ।

(३) गाउँपालिकाको शाखा, उपशाखा तथा सेवा केन्द्रको एकिकृत कार्य विवरण तथा कर्मचारीहरूको कार्यविवरण तयार भएको हुनेछ ।

(४) संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य विषयगत एवं विशिष्टीकृत ऐन बमोजिम तोकिएका जिम्मेवारीहरू सम्पादनमा सहयोग पुग्नेछ ।

(५) सांगठनिक कार्यगत संयन्त्र, अनुगमन तथा मूल्याङ्कन पद्धतिमा प्रभावकारितामा सहयोग पुग्नेछ ।

४.१२ जोखिम र जोखिम न्यूनीकरणका उपाय:

गाउँपालिकाबाट संविधान तथा सम्बन्धित ऐनको उद्देश्य अनुरुप विकास निर्माण, सेवा प्रवाह तथा नियमनकारी कार्य प्रभावकारी रूपमा सम्पादन गर्ने उद्देश्य अनुसार कार्य गर्दा गाउँपालिकाको कार्यक्षेत्र स्वत विस्तार हुने नै देखिन्छ । गाउँपालिकाको कार्यक्षेत्रमा हुने विस्तारसाथ संरचनागत परिवर्तन हुँदा कार्यालय सञ्चालनको लागि दीर्घकालीन दायित्व

सिर्जना हुने देखिएको छ । यसको अलावा नयाँ दरबन्दी थप गर्दा पदसोपान, आदेशको एकात्मकता, वृत्ति विकास र पुरस्कार र दण्ड प्रणालीमा समेत प्रभावकारिता हुन सकेन भने संगठनात्मक चुनौतिको जोखिम रहेको छ । अतः यस्ता जोखिमलाई सम्बोधन गर्न प्रस्तावित संगठन संरचना अनुसारको कार्य गर्ने, अधिकार प्रत्यायोजन, परिणाममुखी अनुगमन प्रणाली, स्रोत परिचालनका वैकल्पिक उपायहरूको अवलम्बन गरेमा जोखिमलाई न्यूनिकरण गर्न सकिन्छ ।

४.१३ कार्यविवरण तर्जुमा

संवैधानिक तथा कानूनी अधिकार क्षेत्रको आधारमा कार्य विश्लेषण र सो बमोजिम संगठन संरचना, कर्मचारी दरबन्दी प्रस्ताव तयार गरी संगठनात्मक तथा पदीय कार्य विवरण तयार गरिएको छ । संगठन संरचना, कर्मचारी दरबन्दीको प्रस्ताव जस्तै कार्य विवरण पनि डेस्क अध्ययन, पदाधिकारी, कर्मचारी, लक्षित छलफल तथा सहभागितामूलक कार्यशाला प्रक्रियाबाट तयार गरी सुझाव संकलन मार्फत अन्तिम स्वरुप प्रदान गरिएको छ ।

४.१४ संगठन तथा पदीय कार्य विवरण

संगठन संरचना अनुसार शाखा, उपशाखा र इकाईको छुट्टाछुट्टै रुपमा अनुसूची १ बमोजिमको संगठनात्मक कार्यविवरण तथा अनुसूची-२ बमोजिमको पदीय कार्य विवरण तयार गरिएको छ ।

परिच्छेद-५

संगठन तथा कर्मचारी व्यवस्थापन

५.१ पदसोपान, अधिकार प्रत्यायोजन, सुपरिवेक्षण तथा कार्यसम्पादन

कार्य विश्लेषणको आधारमा तयार संगठन संरचना अनुसार पदसोपान तयार गरी कर्मचारीको दरबन्दी निर्धारण गरिएको छ । संगठन संरचना अनुसार पदसोपान तयार गर्दा आदेशको एकात्मकता, अधिकार प्रत्यायोजन, अनुगमन तथा सुपरीवेक्षण र ज्ञान हस्तान्तणलाई समेत मध्यनजर गरिएको छ । संगठन व्यवस्थापनमा संगठन तथा व्यवस्थापनका मुलभूत पक्षहरू जस्तै श्रोत साधन, कार्य विभाजन, संचार र समन्वय, नेतृत्व तथा समूह गतिशिलता, समय व्यवस्थापन, सूचना तथा संचार प्रविधि उपलब्धता र प्रयोगको अवस्था अन्तरसम्बन्ध र परिपूरकलाई समेत विश्लेषण गरिएको छ । यस प्रकार संगठन व्यवस्थापनलाई सेवाग्राहीमैत्री, सूचना प्रविधिमैत्री, नतिजामुखी, स्वमूल्याङ्कन र कार्यसम्पादनमा आधारित बनाउने प्रयास प्रयास गरिएको छ ।

५.२ दरबन्दी मिलान तथा पदपूर्ती

कर्मचारी दरबन्दी तथा मानव स्रोत योजना तयार गर्दा गाउँपालिकामा कार्यरत कर्मचारी तथा संख्या, सम्पादन गर्दै आएको जिम्मेवारी र वृत्ति विकासको अवसर समेत सिर्जना हुने गरी तयार गरिएको छ । कर्मचारी व्यवस्थापनमा हाल कार्यरत रहेको पद, सम्पादन गरेको जिम्मेवारी, भविष्यमा वृत्ति विकासको आवश्यकतालाई सम्बोधन हुने संगठन संरचना, कर्मचारीको दरबन्दी र कार्य विवरणको सिफारिश गरिएको छ ।

कर्मचारीको दरबन्दी मिलान गरी प्राथमिकताका आधारमा कर्मचारीको वृत्ति विकास समेतको आधारमा कर्मचारीको पदपूर्तिको लागि कानून अनुसार प्रदेश लोक सेवा आयोगमा माग प्रस्ताव गरी सो अनुसार सेवा व्यवस्थापन र कार्य सम्पादनको व्यवस्था मिलाउनु उपयुक्त हुनेछ । गाउँपालिकालाई चाहिएको जनशक्ति संघीय निकायबाट समायोजन गरी गाउँपालिकामा समायोजन हुन सक्ने नीतिगत तथा कानूनी प्रबन्ध भएकोले सोको उपयोग गर्नुपर्ने देखिन्छ । यसका साथै गाउँपालिकामा लामो समय करारमा कार्यरत कर्मचारीको अनुभवलाई प्रयोग गर्न पनि प्रतिस्पर्धामा सहभागी हुने विषेश व्यवस्था गर्नुपर्ने देखिन्छ ।

५.३ स्रोतसाधनको उपलब्धता र आवश्यकता

गाउँपालिकाको विगत तीन आर्थिक वर्षको आयबाट प्राप्त रकम र प्रशानिक खर्च विवरण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ,-

तालिका नं. १

आर्थिक बर्ष	कुल बजेट	आय			प्रशासनिक खर्च	आन्तरिक आय र राजस्व बाँडफाँडको प्रतिशत
		आन्तरिक आय	राजस्व बाँडफाट	कूल रकम		
२०७४/७५				४३४३३३४६२.४०	२८९०४२७४.६८	
२०७५/७६				६२६५०१४३२.४२	४९४५८९४९.६६	
२०७६/७७				६५०८९१६६३.०९	५१६४२०४३.२७	

(स्रोतः रोशी गाउँपालिकाको कार्यालय, लेखा शाखा, आर्थिक विवरण, २०७६)

तालिका नं. २

रोशी गाउँपालिकाको राजस्व प्रक्षेपण

क्र.सं.	राजस्व शीर्षक	आ.व. २०७४/७५	आ.व. २०७५/७६	आ.व. २०७६/७७	कैफियत
१	राजस्व	५४९४०००.००	४४५००००.००	१३६००००००.००	

(स्रोतः रोशी गाउँपालिकाको राजस्व प्रक्षेपण योजना, (आर्थिक वर्ष २०७४/७५-२०७६/७७)

प्रस्तावित दरवन्दी सिर्जना गर्दा कर्मचारीको तलब, भ्रमण भत्ता तथा सुविधा र योगदानमा आधारित सेवा निवृत्त कोषको लागि प्रति कर्मचारीका लागि शुरु तलव स्केलको आधारमा १६० दरबन्दीका लागि तलव, उपदान, १० प्रतिशत थप संचयकोष र १ महिनाको चाडपर्व खर्च समेत जोड्दा वार्षिक रू. ६.६७ करोड दायित्व आवश्यक पर्ने देखिन्छ । मंहगी भत्ता तर्फ वार्षिक रू. ३८ लाख र पोशाक तर्फ रू. १६ लाख तथा योगदानमा आधारित बीमा कोष रू. ७,६८,००० गरी जम्मा रू. ८,६१,३९,३६४।- करोड दायित्व पर्ने देखिन्छ | सार्वजनिक संस्था तथा अन्य निकायले प्राप्त गरे सरह शुरू तलब स्केलमा थप सुविधा दिंदा प्रति थप २५ प्रतिशतको अन्य सुविधामा रू. १,३२,१२,१८०।- करोडका दरले दायित्व थप हुने देखिएको हो । मौजुदा दरबन्दीमध्ये नेपाल सरकारबाट समायोजन भएर आउने कर्मचारीहरूलाई अन्य सुविधा दिनु नपर्ने हुँदा तत्काल उक्त रकमको व्यवस्था गर्नु पर्ने देखिदैन । माथि पेश हुन भएको प्रस्तावित खर्च गाउँपालिका र अन्तर्गतका वडा सेवा केन्द्र समेतको भएको भएपनि उक्त रकम आन्तरिक आय तथा राजस्व बाँडफाँडको सिमा भित्र हुने देखिन्छ । प्रस्तावित कर्मचारी दरबन्दी प्रशासनिक खर्च हिसावबाट समेत संभाव्य देखिएकोछ । (विस्तृत विवरण अनुसूची ३ मा समावेश गरिएको छ) ।

५.४ कार्यात्मक ठाडो तथा तेश्रो अन्तरसम्बन्ध

संगठन व्यवस्थापनमा ठाडो तथा तेर्सो सम्बन्धको कार्यसम्पादन महत्वपूर्ण भूमिका रहेको हुन्छ । संगठन संरचना तथा पदसोपान, आदेशको एकात्मकता, अधिकार प्रत्यायोजन र अनुगमन तथा सुपरीवेक्षण ठाडो सम्बन्ध व्यवस्थापन गर्नु पर्ने हुन्छ । सोका लागि शाखा प्रमुख तथा उपशाखा प्रमुख र सम्बन्धित शाखाको पदसोपान अन्तर्गतको कर्मचारी व्यवस्थापन एवं कार्यसम्पादनमा जिम्मेवार हुनेछ भने वडा र सेवा केन्द्र प्रमुख सो अन्तर्गतका कर्मचारीको व्यवस्थापन, कार्यसम्पादन र सेवा प्रवाहमा जिम्मेवार हुनेछ । सो अनुसार अनुसूची १ बमोजिम हुने गरी शाखा र उपशाखाको कार्य विभाजन गरिएको छ भने अनुसूची २ बमोजिमको कार्य विवरण तयार गरिएको छ | समग्र कार्य सम्पादन मूल्याङ्कनमा समेत पदसोपानलाई आधार लिइएको छ ।

शाखा, उपशाखा ,वडा तथा सेवा केन्द्र बीचको ठाडो अन्तरसम्बन्ध हुने गरी शाखा, उपशाखा ,वडा तथा सेवा केन्द्र बीच समन्वयको आधार तयार गर्नु पर्ने हुन्छ । मासिक बैठक, अनुभव आदान प्रदान, प्रगति विवरण र सिकाइको माध्यमद्वारा तेर्सो (Horizontal) सम्बन्धलाई व्यवस्थित बनाउनु उपयुक्त हुनेछ । प्राथमिकता र आवश्यकतको आधारमा अन्तरशाखा, उपशाखा, इकाई, वडा तथा सेवा केन्द्रमा कार्यरत कर्मचारीलाई खटनपटन गर्ने तथा सरुवा, बढुवा तथा वृत्ति विकासका अन्य अवसर समेत मिलाउनु आवश्यक हुनेछ । यसबाट प्रतिस्पर्धात्मक र कार्यसम्पादनमा आधारित प्रोत्साहनको वातावरण समेत निर्माण हुनेछ ।

५.५ समन्वय र प्रतिवेदन

सेवा प्रवाह तथा कार्यसम्पादन प्रक्रिया र प्रगति सम्बन्धित कर्मचारी, शाखा एवं उपशाखा र इकाइ तथा सेवा केन्द्र प्रमुख बीच अन्तरक्रिया गरी प्रतिवेदनको व्यवस्था मिलाउनु उपयुक्त हुनेछ । नतिजामा आधारित भई पटके, नियमित तथा आवधिक प्रतिवेदन गर्ने र समन्वय प्रणालीको विकास गर्नु आवश्यक देखिन्छ । प्रतिवेदन प्रणालीलाई अन्तरक्रिया, सिकाइ र क्षमता अभिवृद्धि आवश्यकता पहिचान र कार्यक्रमसँग जोडेर संचार गर्नु आवश्यक हुनेछ । कार्य सम्पादन, प्रतिवदेन र समन्वयलाई संगठनको गतिशीलताको आधारको रुपमा विकास गर्ने व्यवस्था गर्नु पर्ने भएकोले कार्यविवरणमा समेत कार्यसम्पादन सूचक र मापनका आधारहरूको समेत प्रस्ताव गरिएकोछ ।

५.६ सुझाव तथा सिफारिश

संगठन तथा व्यवस्थापन सर्वेक्षणले संघीय संरचना अनुसार स्थानीय सरकारको अधिकार, कार्य क्षेत्र र कार्यसूची सम्बन्धमा गाउँ कार्यपालिकाका पदाधिकारी, कर्मचारीबीच अन्तक्रिया गर्ने अवसर प्रदान गरेको छ । यसबाट गाउँ कार्यपालिकाको कार्यसम्पादन र सेवा प्रवाहलाई जनअपेक्षा अनुसार सञ्चालन गर्न संगठन क्षमता, स्रोतको उपलब्धता र आवश्यकता र कर्मचारी व्यवस्थापन प्रभाकारी र नतिजामूलक बनाउन कार्य विश्लेषणको आधारमा संगठन संरचना तयार, संगठन संरचना अनुसार कार्य विभाजनको व्यवस्था मिलाउने, मानव संशाधनको योजना तयार गर्ने र सहभागितात्मक रुपमा स्थानीय सेवा सञ्चालनको मार्गचित्र तयार भएको छ । यस प्रस्तावको आधारमा संगठन संरचना निर्माण गर्ने, कार्य विभाजन र कार्यसम्पादनको व्यवस्था मिलाउने र प्राथमिकताको आधारमा प्रस्ताव भएका दरबन्दी मध्ये क्रमश: कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाह तथा कार्य सम्पादनलाई सेवाग्राही तथा नतिजामुखी बनाउन सकिनेछ । यसबाट संघीय शासन व्यवस्था अनुसार गाउँपालिकालाई बलियो स्थानीय सरकारको रुपमा स्थापित गरी गाउँवासीको जीवनमा गुणात्मक परिवर्तन ल्याउन सकिनेछ । संगठन व्यवस्थापन सर्वेक्षणको निष्कर्ष तथा भावि मार्गचित्रको रुपमा निष्कर्ष र सुझाव देहायअनुसार बुँदामा प्रस्तुत गरिएको छ,-

५.६.१ निष्कर्षहरू

गाउँ कार्यपालिका कार्यालय संगठन तथा व्यवस्थापन सर्वेक्षणको निष्कर्ष देहायअनुसार बुँदामा प्रस्तुत गरिएको छः

(१) संविधानको अधिकार सूची, नेपाल सरकारको कार्यविस्तृतीकरण प्रतिवेदन, स्थानीय सरकार सञ्चालन ऐन, विभिन्न विशिष्टिकृत ऐनहरू तथा गाउँपालिकाको स्वीकृत कार्यविभाजन तथा कार्यसम्पादन नियमावली बमोजिम गाउँ कार्यपालिका कार्यालयको कार्य विश्लेषणको विस्तृतीकरण गरिएको छ ।

(२) कार्यविस्तृतीकरण अनुसार गाउँ कार्यपालिका कार्यालयको संगठन संरचना र दरबन्दीको प्रस्ताव गरिएको छ । गाउँ कार्यपालिका कार्यालयको संगठन संरचना अनुसार ६ वटा शाखा, सो अन्तर्गत १४ वटा उपशाखा र १ वटा इकाई समावेश रहेका छन्।

(३) वडा समितिको कार्यालयको कार्य विस्तृतीकरण अनुसार ४ वटा इकाई रहेको वडा समितिको कार्यालयको संगठन संरचना प्रस्ताव गरिएको छ ।

(४) गाउँ कार्यपालिका कार्यालयमा प्रमुख प्रशासकिय अधिकृत समेत अधिकृत छैठौं तह देखि ८ औं तह सम्म २२ जना अधिकृत र सहायक तहमा १३८ जना कर्मचारको दरबन्दी प्रस्ताव गरिएको छ । प्रस्तावित दरबन्दी मध्ये अधिकृत छैठौं भन्दा माथि १० जना प्राविधिक र १२ जना अप्राविधिक रहेका छन् । यसैगरी सहायक तहमा प्राविधिक ८२ जना र अप्राविधिक ५६ जना रहेका रहेका छन्।

(५) वडा समितिको कार्यालय अन्तर्गत वडा नं. १,६,७, ९ र ११ नं. वडामा प्रत्येक वडाका लागि ७ जना दरबन्दी रहने र दुई वडाको कामकाज गर्ने गरी सव-ओभरसियर -१ जना र ३ वडाको कामकाज गर्ने गरी कृषि विकास सहायक -१ जना तथा २ वडाको कामकाज गर्ने गरी पशुपन्छी विकास सहायक-१ जना गरी १२ वटा वडाको लागि १६ दरबन्दी समेत गरी वडा तहमा १०० दरबन्दीको प्रस्ताव गरिएको छ । जस अन्तर्गत वडा सचिव, कम्प्युटर सहायक, कृषि विकास सहायक र पशुपन्छी विकास सहायक, ओभरसियर/सव-ओभरसियर, अहेब, स्टाफ नर्स, अनमि, कार्यालय सहयोगी समावेश रहेका छन् ।

(६) कार्य विश्लेषण तथा विस्तृतिकरणको आधारमा शाखा, उपशाखा, इकाइको कार्य विवरणको प्रस्ताव तयार गरिएको छ । कार्यविवरणमा विषय क्षेत्र तथा कामको प्रकृतिलाई आधार मानिएको छ । कार्य विवरणको आधारमा कर्मचारीको तह र संख्याको प्रस्ताव तयार गरिएको छ । जस अनुसार शाखा तहको प्रमुखको रुपमा अधिकृत सातौ/आठौ तह, उपशाखा र इकाइमा छैठौं तह, वडाको इकाइ प्रमुखको रूपमा सहायक चौथो/पाँचौ/ तहको दरबन्दी प्रस्ताव गरिएको छ ।

(७) संगठनात्मक कार्यविवरण अनुसार प्रस्तावित कर्मचारीको पदीय कार्यविवरणको प्रस्ताव गरिएको छ । पदीय कार्य विवरणमा संगठनात्मक कार्य विश्लेषण, पदसोपान, अनुगमन तथा सुपरीवेक्षणलाई आधार लिइको छ ।

(८) कार्य विश्लेषण, संगठन संरचना, कर्मचारी दरबन्दी र कार्यविवरणलाई १० बर्षको अवधिको लागि प्रस्ताव गरिएको छ । यद्यपि यो सर्वेक्षणको ५ वर्षमा समिक्षा गरी अद्यावधिक गर्न उपयुक्त हुने देखिन्छ ।

५.६.२ सुझावहरू

गाउँ कार्यपालिका कार्यालय संगठन तथा व्यवस्थापन सर्वेक्षणको सुझाव देहायअनुसार बुँदामा प्रस्तुत गरिएको छः

(१) गाउँपालिकाको आवधिक, विषयक्षेत्रगत गुरुयोजना र प्राथमिकता अनुसार कार्य विश्लेषण, संगठन संरचना, कर्मचारीको दरबन्दी, कार्य विवरणको प्रस्तावलाई आवधिक रुपमा अद्यावधिक गर्नु पर्ने छ ।

(२) संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट कर्मचारीको आन्तरिक समायोजन आधार समेत तयार भएको छ । प्रस्तावित संगठन संरचना, कर्मचारी दरबन्दी, कार्यविवरण अनुसार कर्मचारीको आन्तरिक समायोजन गर्न सकिनेछ र सो को लागि कर्मचारी आन्तरिक समायोजन कार्यविधि तयार तथा स्वीकृत गरी सो अनुसार आन्तरिक समायोजन गर्न सकिनेछ ।

(३) आन्तरिक समायोजन पश्चात प्रदेश लोक सेवा गठन भई स्थायी पदपूर्ती नहुँदासम्म सेवा करार मार्फत प्राविधिक कर्मचारीको नियुक्त गरी कार्यसम्पादनको व्यवस्था गर्न सकिनेछ ।

(४) आन्तरिक राजस्व क्षमताको अवस्था सुधारसँगै कर्मचारी दरबन्दी प्रस्तावमा पनि परिमार्जन गदै लैजानु उपयुक्त हुनेछ ।

अनुसूची-१

संगठनात्मक कार्यविवरण

१. प्रशासन, योजना तथा अनुगमन शाखा

यस शाखाले प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रही देहायका कार्यहरू शाखा तथा मातहतका उपशाखा, इकाई र वडा कार्यालयबाट प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु पर्नेछ,-

नीति, ऐन, नियम तथा कार्यविधि र मापदण्डसम्बन्धी

(१) संगठन विकास, प्रशासन, योजना, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी नीति ऐन, नियम र निर्देशिकाहरू तर्जुमा

(२) सभा तथा कार्यपालिकामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मसौदामा संयोजन

(३) अन्तरसम्बन्धित विषयहरूको स्थानीय नीति, कानून र योजनामा समायोजन

(४) उपलब्ध नीति नियम र कानूनी व्यवस्था अनुसार उजुरी तथा गुनासो सुनुवाइ

(५) सूचनाको हक, सुशासन ऐनको व्यवस्था कार्यान्वयन

(६) संगठन तथा स्थानीय सेवा व्यवस्थापन सम्बन्धी

(७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,

(८) सङ्गठन संरचना, कर्मचारी दरबन्दी र संगठन र पदीय कार्य विवरण अद्यावधिक,

(९) स्थानीय सेवा तथा कर्मचारी व्यवस्थापन, सरुवा, बढुवा, वृत्ति विकास र अवकाश व्यवस्थापन,

(१०) कर्मचारीको बैठक सञ्चालन र निर्णय कार्यान्वयन,

(११) कार्यालयको संस्थागत सुदृढीकरण, प्रभावकारी कार्यसम्पादन र सेवा प्रवाह,

(१२) कर्मचारीहरूको वृत्ति विकास कार्ययोजना तयारी, स्वीकृति र कार्यान्वयन,

(१३) कर्मचारीको सीप तथा क्षमता अभिवृद्धि तालिम तथा वृत्ति विकास कार्यक्रम सञ्चालन,

बैठक व्यवस्थापनसम्बन्धी

(१) गाउँसभा, कार्यपालिका बैठक तथा समिति/उपसमितिका बैठक सञ्चालन र माईन्युटिङ्ग

(२) गाउँपालिकामा आयोजना तथा सञ्चालन हुने विभिन्न बैठकहरूको निर्णय कार्यान्वयन

(३) वडा समितिको कार्यालयको कार्य तथा सेवा प्रवाहको सुपरिवेक्षण, अनुगमन, निरीक्षण तथा निर्देशन

(४) क्षमता विकास रणनीति तथा योजना तर्जुमा, अद्यावधिक तथा क्षमता विकास गतिविधि सञ्चालन

स्थानीय तह, प्रदेश र संघसँगको सम्बन्ध र समन्वय तथा वडासँगको समन्वयसम्बन्धी

(१) संघ तथा प्रदेश तहमा संविधान तथा कानुन बमोजिमको सहभागिता तथा प्रतिनिधित्व

(२) जिल्ला समन्वय समितिसँगको समन्वय, क्षमता विकास र अनुगमन

(३) वडा तहसँगको सम्पर्क र समन्वय

(४) पत्राचार, सभा, समारोह, शिष्टाचार

वैदेशिक सम्पर्क र भगिनी सम्बन्ध सम्बन्धी

(१) गाउँपालिकाको वैदेशिक सम्पर्क र भगिनी सम्बन्ध र समन्वय

योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याकंन तथा प्रतिवेदन सम्बन्धी

(१) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन

(२) स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन र दीर्घकालीन विकास योजना तर्जुमा अनुगमन तथा मूल्यांकन

(३) आवधिक, विषयक्षेत्रगत रणनीतिक/गुरुयोजना, मध्यमकालिन खर्च संरचना र बार्षिक योजना तथा बजेट तर्जुमा

(४) एकीकृत बार्षिक कार्ययोजना तर्जुमा र आयोजना तथा कार्यक्रम सचालन तथा कार्यान्वयन

(५) आयोजना तथा कार्यक्रमको प्रक्रिया, पालना तथा नतिजा अनुगमन तथा उपलब्धि समीक्षा र प्रभाव मूल्याङ्कन

(६) गाउँ विकासका प्राथमिकता प्राप्त क्षेत्र तथा प्राथमिकता निर्धारणका आधार तर्जुमा

(७) संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग

(क) प्रशासन तथा जनशक्ति विकास उपशाखा

यस उपशाखाले शाखा प्रति उत्तरदायी भई उपशाखा र मातहतका इकाईहरूबाट देहायका कार्यहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु पर्नेछ,-

सामान्य प्रशासनसम्बन्धी

(१) कर्मचारीको व्यवस्थापन तथा कर्मचारी सूचना प्रणाली व्यवस्थापन,

(२) स्थानीय सेवाको व्यवस्थापनसम्बन्धी कार्य,

(३) गाउँपालिकाको सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,

(४) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन

(५) मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा

(६) गाउँपालिकामा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन

स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी

(१) समायोजन पश्चात मौजुदा कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय

(२) सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास सम्बन्धी कार्य

(३) स्थानीय कानून बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी निर्धारण

(४) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन
(५) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य
(६) नीति, कानून, मापदण्ड, निर्णयहरू कार्यान्वयनमा सहयोग,
(७) सम्पत्तिको संरक्षण तथा जगेर्ना,
(८) गाउँपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापनमा सहयोग,
(९) स्थानीय बजार तथा पार्किङ्ग स्थलको व्यवस्थापन
(१०) गाउँ बस्ती सरसफाइ सम्बन्धी मापदण्डको कार्यान्वयन र कसूर उपर छानविन र अनुसन्धान,
(११) स्थानीय न्यायिक समितिले गरेका आदेश, फैसला कार्यान्वयनमा सहयोग,
(१२) कार्यालय परिसर, सम्पदा, सार्वजनिक, ऐलानी, पर्ति जग्गा, सार्वजनिक भवन र पूर्वाधारको संरक्षण र सुरक्षा,
(१३) विपद् व्यवस्थापनमा सहयोग,
(१४) अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग,
(१५) सडक मापदण्ड उलङ्घन र अधिकार क्षेत्र अतिक्रमण नियन्त्रण र न्यूनीकरण
(१६) फूटपाथ व्यवस्थापन
(१७) निर्माण नियमन र निर्माण सामग्री भण्डारण र व्यवस्थापन
(१८) गुणस्तर नियन्त्रण
(१९) गाउँ प्रहरी सम्बन्धी अन्य कार्य ।

नागरिक शिक्षासम्बन्धी

(१) गाउँ प्रहरी तथा नागरिक शिक्षा सञ्चालन,
(२) कार्यपालिकाले तोके बमोजिमका गाउँ प्रहरी सम्बन्धी नीति, योजना, कार्यक्रम कार्यान्वयन

बैठक व्यवस्थापन सम्बन्धी

(१) कार्यपालिका तथा सभाको बैठक व्यवस्थापन
(२) कार्यपालिकाको निर्णयहरूको विद्युतीय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन,
(३) कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन
(४) कार्यपालिकाको निर्णयहरूको विद्युतीय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन
(५) कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन

विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधि, विभुषण सम्बन्धी

(१) गाउँपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापनमा सहयोग,
(२) स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन,
(३) उपाधि तथा विभुषण सम्बन्धी सिफारिश, अभिलेख

(ग) बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण इकाई

यस इकाइले शाखा प्रति उत्तरदायी भई देहायका कार्यहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु पर्नेछ,-

आपूर्ति व्यवस्थापन अनुगमनसम्बन्धी

(१) स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यवस्थापन तथा अनुगमन
(२) स्थानीयस्तरमा बजार तथा हाट व्यवस्थापन
(३) उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन
(४) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन
(५) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,
(६) स्थानीय व्यापार प्रवर्द्धन सहजीकरण र नियमन,

बजार मूल्य तथा गुणस्तरसम्बन्धी

(१) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,
(२) उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन
(३) स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,
(४) खाद्य पदार्थको गुणस्तर नियन्त्रण,
(५) खानेपानीको गुणस्तर नियन्त्रण

बौद्धिक सम्पत्ति संरक्षणसम्बन्धी

स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन ।

(ख) योजना तथा अनुगमन उपशाखा

योजना व्यवस्थापन सम्बन्धी

(१) आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकास योजना, आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन
(२) बार्षिक विकास कार्यक्रम तर्जुमा तथा कार्यान्वयन
(३) विकास निर्माण प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धिका कार्यक्रम तर्जुमा र कार्यान्वयन

(४) विकास योजनाहरूको वातावरणीय मूल्यांकन
(५) उपभोक्ता समिति गठन, क्षमता विकास र परिचालन
(६) स्थानीय बजार तथा पार्किङ्ग स्थलको व्यवस्थापनमा सहयोग,
(७) विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।
(८) विपद् व्यवस्थापनमा सहयोग,
(९) विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा
(१०) विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रिया निर्धारण
(११) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन
(१२) बिषयक्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन

(ग) आन्तरिक व्यवस्थापन उपशाखा

सम्पत्ति विवरण र अभिलेखसम्बन्धी

(१) अचल सम्पत्ति परिचालन सम्बन्धी कानून, कार्यविधि र मापदण्ड तयारी
(२) गाउँपालिका क्षेत्र भित्रको अचल सम्पत्ति (जग्गा, भवन, मठ मन्दिर, पाटी पौवा, पोखरी) पहिचान गरी अभिलेख तयारी
(३) पूर्वाधार विकास शाखासँग समन्वय गरी पूँजिगत सम्पत्ति भवन, गाडी, मेशिन र औजारको अद्यावधिक अभिलेख तयारी र परिचालन
(४) गाडी तथा मेशिन सञ्चालनका लागि कार्यविधि लगायत लगबुक तयार गरी अभिलेख अद्यावधिकरण

खरिद योजना र खरिद व्यवस्थापन र आपूर्तीसम्बन्धी

(१) वस्तु तथा सेवाको सप्लायर्सको सुचि दर्ता
(२) खेरजाने सरसामानको खरिद योजना बनाई खरिद, दाखिला र वितरणको व्यवस्था
(३) जिन्सिकोखरिद, बासलात, अद्यावधिक अभिलेख तयारी
(४) सम्पत्ति र जिन्सीको अनुगमन गरी आवधिक प्रतिवेदन तयारी र पेश
(५) मागको आधारमा कार्यालयलाई आवश्यक पर्ने सामान खरिद र माग आपूर्ति गर्ने ।

जिन्सी व्यवस्थापनसम्बन्धी

(१) सम्पत्ती र जिन्सी अभिलेख अद्यावधिकरण
(२) नियमानुसार कागज धुल्याउने कार्य
(३) मर्मत संभार व्यवस्थापन
(४) नियमानुसार सामान लिलाम र मिन्हा सम्बन्धी कार्य
(५) दरभाउपत्र, बोलपत्र लगायतको कार्य
(६) कार्यालयको जिन्सीसम्बन्धी सम्पूर्ण कार्य गर्ने

(घ) सूचना प्रविधि तथा सुशासन उपशाखा

तथ्याङ्क व्यवस्थापनसम्बन्धी

(१) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन
(२) स्थानीय तथ्याङ्क संकलन, प्रशोधन, अभिलेखिकरण तथा वितरण
(३) आधारभूत तथ्याङ्क सङ्कलन र प्रशोधन गरी सूचना प्रणालीमा आवद्धता र पाश्र्व चित्र तथा श्रोत नक्साको अद्यावधिक एवं अभिलेख व्यवस्थापन
(४) बेरोजगारको तथ्यांक संकलन
(५) स्थानीय व्यापार व्यवसायको तथ्याङ्क प्रणाली व्यवस्थापन र अध्ययन अनुसन्धान
(६) सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन
(७) सम्पन्न भएका तथा चालू आयोजनाको विवरण
(८) बिषय क्षेत्रगत सूचना, तथ्यांकको संकलन, अभिलेख
(९) प्रदेश तथा संघसँग तथ्याङ्क एवं सूचना आदानप्रदान र समन्वय
(१०) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको अभिलेख (प्रोफाईल) व्यवस्थापन
(११) गाउँपालिकाको आवधिक तथा वार्षिक कार्यक्रम र बजेटसम्बन्धी कार्यहरू

एफएम प्रसारण र संचार प्रविधिसम्बन्धी

(१) आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन
(२) एक सय वाटसम्मको एफ.एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन
(३) आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन

सूचना तथा संचार प्रविधिसम्बन्धी

(१) अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग,
(२) सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच र उपयोग,
(३) सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन,
(४) बैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकास
(५) सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन

२. सामाजिक विकास शाखा

यस शाखाले प्रमुख प्रशासकीय अधिकृत प्रति उत्तरदायी भई सामाजिक विकास क्षेत्रसँग सम्बन्धित देहायअनुसारका कार्य प्रभावकारी रुपमा सम्पादन गर्नु पर्नेछ,-

शैक्षिक विकाससम्बन्धी

(१) साक्षरता, साक्षरोत्तर कक्षा, शैक्षिक विकास र नागरिक शिक्षासम्बन्धी कार्यहरू सञ्चालन संयोजन

(२) गाउँ क्षेत्रभित्रका पूर्व प्राथमिक, आधारभूत र माद्यामिक विद्यालय सञ्चालन तथा व्यवस्थापन

जनस्वास्थ्य तथा सरसफाई सम्बन्धी

(१) परिवार नियोजन, मातृशिशु, परिवार स्वास्थ्य, खोप जस्ता परिवार स्वास्थ्य कार्यक्रम सञ्चालन

(२) महिला स्वयंसेविका परिचालन

(३) नसालु पदार्थ सेवन, मध्यपान, धुमपान जस्ता दुर्व्यसन र जुवातास जस्ता कुलतबाट युवा तथा बालबालिकालाई संरक्षण प्रदान गर्न सचेतना अभियान सञ्चालन

(४) राष्ट्रिय, प्रादेशिक तथा स्थानीय रूपमा सञ्चालन गरिने अभियान जस्ता सामाजिक परिवर्तन कार्यक्रमसम्बन्धी समन्वय,

(५) खाद्य सुरक्षा, गुणस्तर नियन्त्रण तथा उपभोक्ता हित संरक्षण

(६) एच.आई. भी. एड्स तथा बाल श्रम न्यूनिकरण सम्बन्धी कार्यहरूमा आवश्यक समन्वय र सहजीकरण

नीति, ऐन, नियम, मापदण्ड र योजना सम्बन्धी

(१) संविधानको मौलिक तथा निर्देशक सिद्धान्तको व्यवस्था, नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धिसम्झौता, अभिसन्धि, आलेख कार्यान्वयनकोलागि जिम्मेवार बनाइएका विषयहरू कार्यान्वयन गर्न गाउँस्तरीय नीति, कानून, कार्यविधि, मापदण्ड, योजना तथा कार्यक्रम तर्जुमा

(२) गाउँको शिक्षा, जनस्वास्थ्य तथा जनसंख्यालगायत सामाजिक विकाससँग सम्बन्धित रणनीति तथा योजना तर्जुमा सहयोग

(३) महिला, बालबालिका, दलित, आदिवासी/जनजाति, मुस्लिम,अल्पसंख्यक तथा पछाडिपरेका अन्य लक्षित वर्गको समावेशकीरण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन कार्यको संयोजन,

(४) गाउँपालिका भित्र शिक्षा विकास तथा समुदाय परिचालन सम्बन्धी कामको रणनीति तर्जुमा

सामाजिक परिचालन र सचेतना अभियान सम्बन्धी

(१) गाउँपालिकामा टोल विकास संस्था लगायत सामाजिक परिचालन कार्यमा समन्वय र सहजीकरण,

(२) जनस्वास्थ्य, शिक्षा, जनचेतना अभिवृद्धि, सरसफाइ तथा वातावरण संरक्षणका लागि समुदाय परिचालन,

(३) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरू योजना तर्जुमा र कार्यान्वयन,

(४) सरकारी तथा गैर सरकारी संस्थाहरूसँग समन्वय गरी जनस्वास्थ्य, शिक्षा, सामाजिक सशक्तिकरण सम्बन्धी कार्यक्रम सञ्चालन,

(५) पोषणसम्बन्धी सेवा प्रवाह तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन,

(ङ) शिक्षा तथा खेलकुद विकास विकास उपशाखा

यस उपशाखाले शाखा प्रति उत्तरदायी भइ मातहतका इकाइ परिचालन गरी देहायका कार्यहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु पर्नेछ,-

शैक्षिक नीति, गुणस्तर मापदण्ड र योजनासम्बन्धी

(१) प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल, मदरसा,गुम्बा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन

(२) प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा एवं तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन

(३) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

शैक्षिण गुणस्तर सम्बन्धी

(१) पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण तथा कार्यान्वयन

(२) विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन

(३) शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार

(४) आधारभूत तह (कक्षा ८) को परीक्षा व्यवस्थापन

(५) विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन

(६) विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन

(७) शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन

(८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण

शैक्षिक पूर्वाधार तथा विकाससम्बन्धी

(१) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन

(२) स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन ।

खेलकुद विकास र प्रवर्द्धन सम्बन्धी

(१) स्थानीयस्तरमा खेलकूद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय

(२) खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास

(३) खेलकूदको विकास र प्रवर्द्धन

(४) खेलकूद प्रतियोगिता आयोजना र सहभागिता

(५) अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय ।

(च) स्वास्थ्य उपशाखा

यस उपशाखाले शाखा प्रति उत्तरदायी भइ उपशाखा मातहतका स्वास्थ्य संस्था तथा इकाई परिचालन गरी देहायका कार्यहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु पर्नेछ,-

आधारभूत स्वास्थ्य तथा सरसफाई नीति, कानून र योजना सम्बन्धी

(१) आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन

(२) राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण

(३) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको दर्ता, सञ्चालन अनुमति र नियमन

आधारभूत स्वास्थ्य सेवा सञ्चालनसम्बन्धी

(१) आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रवर्द्धन

(२) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन

(३) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन

(४) रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा

स्वास्थ्य सेवा र औषधी नियमनसम्बन्धी

(१) औषधि पसल सञ्चालन र नियमन

(२) औषधिजन्य वनस्पति, जटीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण

(३) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन

(४) औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन

(५) औषधिकोउचित प्रयोग र सूक्ष्म जीव निरोधक प्रतिरोध न्यूनीकरण

(६) औषधि र स्वास्थ्य उपकरणको खरीद, भण्डारण र वितरण

(७) स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन

(८) जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)

(९) प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन

(१०) स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन

(११) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन

(१२) सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि

(१३) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन

(१४) जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन

(१५) सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम

(१६) आकस्मिक स्वास्थ्य सेवा प्रवाह ।

(१७) स्वास्थ्य शिक्षा र सरसफाई सचेतनाको अभिवृद्धि

(छ) महिला, बालबालिका तथा समाजकल्याण उपशाखा

यस उपशाखाले शाखा प्रति उत्तरदायी भई उपशाखा मातहतका इकाइ परिचालन गरी देहायका कार्यहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु,गराउनु पर्नेछ,-

महिला, बालबालिका तथा जेष्ठ नागरिकसम्बन्धी

(१) अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास गरी जीवन धान्न सक्ने तुल्याउन क्षमता, सीप र आयमूलक कार्यक्रमहरू सञ्चालन

(२) स्थानीय लोपोन्मुख जाति, भाषा, सांस्कृतिक संरक्षण र प्रवर्द्धनका कार्यक्रम सञ्चालन

(३) बालबालिकाको अधिकार संरक्षरण र बालमैत्री स्थानीय शासन कार्यान्वयन

(४) महिला, बालबालिका जेष्ठ नागरिक सम्बन्धी समिति र निकायसँग समन्वय एवं कार्यक्रम सञ्चालन

(५) कमजोर आर्थिक अवस्था भएका वर्गकालागि क्षमता तथा सीप विकास, आय आर्जन, स्वरोजगारमूलक कार्यक्रम सञ्चालन

सामाजिक सुरक्षा तथा पंजिकरण

(१) सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान

(२) सङ्घ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन

(३) सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य

(४) स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन तथा आवश्यक तथ्यांक संकलन एवं व्यवस्थापन

(५) आधुनिक प्रविधिमार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री), अभिलेख व्यवस्थापन तथा प्रतिवेदन

(६) सामाजिक सुरक्षासम्बन्धी अभिलेख अद्यावधिक, रकम प्रवाह कार्यको प्रक्रिया तथा नतिजा अनुगमन

(७) ऐन तथा कार्यविभाजन नियमावली तोकेका जिम्मेवारी तथा प्रमुख प्रशासकिय अधिकृतबाट प्रत्यायोजित अन्य कार्यहरू

लैंगिक समानतासम्बन्धी

(१) महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन

(२) महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण, क्षमता विकास

(३) लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना

(४) लैंगिक उत्तरदायी बजेट तर्जुमा र कार्यान्वयन

बालबालिका, किशोरकिशोरी तथा युवासम्बन्धी

(१) बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(२) बालबालिकाको हकहित संरक्षण

(३) बालमैत्री शासकीय प्रबन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल

(४) बालबालिकाको हकहित संरक्षण सम्बन्धमा संघ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क, समन्वय तथा सहकार्य,

(५) बालबालिका परिवार सहयोग

(६) बैकल्पिक स्याहार पद्धतिको कार्यान्वयन

(७) बाल न्याय

(८) बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन

(९) असहाय बालबालिकाका, सडक बालबालिका व्यवस्थापन

(१०) बाल हिंसा नियन्त्रण

(११) बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, सञ्चालन अनुमति र नियमन

(१२) आपत्कालीन बाल उद्धार कोष स्थापना र व्यवस्थापन

(१३) युवा जागरण, सशक्तिकरण र परिचालन

(१४) युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास

अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकसम्बन्धी

(१) जेष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य

(२) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन

(३) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनःस्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन

(४) अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण

(५) अपाङ्गता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन

(६) अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

(७) एकल महिला सम्बन्धी कार्य

गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन सम्बन्धी

(१) स्थानीयस्तरमा समाजकल्याण सम्बन्धी संघसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक संघसंस्था) को दर्ता, नवीकरण तथा नियमन

(२) गुठी, कोष तथा अन्य ट्रष्टहरूको व्यवस्थापन

(३) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य

(४) समन्वय र परिचालन

(५) सामाजिक संघसंस्था सम्बन्धी अन्य विषय ।

३. पूर्वाधार विकास शाखा

यस शाखाले प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रही देहायका कार्यहरू शाखा तथा मातहतका उपशाखा, इकाई र वडा कार्यालयबाट प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु पर्नेछ,-

पूर्वाधार विकास नीति, मापदण्ड र योजनासम्बन्धी

(१) गाउँको पूर्वाधार विकास र वातावरण व्यवस्थापन रणनीतिक योजना तर्जुमा

(२) यातायात, आवास, वातावरण तथा फोहोरमैला व्यवस्थापन, खानेपानी तथा सरसफाई, बजार तथा ढल व्यवस्थापन, नदी नियन्त्रण, विद्युतीकरण,

(३) कानून तथा स्वीकृत नीति अनुसार आयोजनाहरूको पूर्व संभाव्यता र संभाव्यता अध्ययन सर्वेक्षण

(४) गाउँपालिकाले अवलम्बन गर्ने विभिन्न विषयक्षेत्रगत नीति तर्जुमा गर्न सहयोग

(५) राष्ट्रिय शहरी विकास नीति, भू–उपयोग नक्शा, भूउपयोग योजना, भौतिक विकास योजना, गाउँ यातायात गुरुयोजना तर्जुमा र कार्यान्वयन,

(६) एकीकृत शहरी विकाससम्बन्धी प्रचलित कानून तथा नीति अनुरुप मापदण्ड तयार

(७) जग्गा विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड र जग्गा विकास योजना तयार गरी कार्यान्वयन

(८) भवन नक्शापास सम्बन्धी कानूनी र नीतिगत व्यवस्था

(९) सिँचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा

(१०) नवीकरणीय तथा वैकल्पिक ऊर्जा सम्बन्धी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

प्राविधिक सहयोग र सुपरीवेक्षणसम्बन्धी

(१) शहरी विकास, आवास र सुरक्षित निर्माण तथा पूर्वाधार विकाससम्बन्धी कार्यहरूमा आवश्यक प्राविधिक राय परामर्श, सल्लाह र सहयोग

(२) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिगमैत्री यातायात प्रणालीको प्रवर्द्धन

नक्शाङ्कन तथा सूचना प्रणालीसम्बन्धी

(१) तथ्याङक संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(२) गाउँको वस्तुगत विवरण, भौगोलिक सूचना प्रणाली, स्रोत नक्शा आदि तयार तथा अद्यावधिक

(३) गाउँपालिका क्षेत्रको भौतिक पूर्वाधार, मठमन्दिर, सडक नाला, ढल, पार्क, चौतार, विद्यालय, खुल्ला स्थान, पुलपुलेसा, भौतिक विकासको वितरण स्पष्ट देखिने गरी भौतिक नक्शा तयार

समन्वय, सम्बन्ध विकास र अन्यसम्बन्धी

(१) आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकारसँग समन्वय

(२) यातायात क्षेत्रमा वातावरणमैत्री प्रविधिलाई प्रोत्साहन

(३) शहरी योजना तर्जुमा र कार्यान्वयनका लागि अन्य सरकारी तथा गैर सरकारी एवं नीजी क्षेत्रका सम्बद्ध निकायहरूसँग समन्वय र सहयोग सम्बन्ध विकास र विस्तार

(४) मातहतका उपशाखा र इकाईहरूबाट सम्पादन भएका कार्य प्रगति विवरण तयारी र पृष्ठपोषण

(ज) स्थानीय पूर्वाधार निर्माण उपशाखा

यस उपशाखाले शाखा प्रति उत्तरदायी भई उपशाखा र मातहतका इकाईहरूबाट देहायका कार्यहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु पर्नेछ,-

सडक तथा यातायात व्यवस्थासम्बन्धी

(१) स्थानीय तथा शहरी सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन

(२) स्थानीय तथा शहरी सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्ध सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार

(३) यातायात सुरक्षा व्यवस्थापन र नियमन

(४) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन

(५) ट्याक्सी सेवा अनुमति, व्यवस्थापन र नियमन

(६) ट्रली बस, ट्रामजस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, योजना, मापदण्ड, कार्यान्वयन, नियमन

(७) निजी यातायातको नियमन व्यवस्थापन

सिंचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी

(१) सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड निर्धारण र नियमन

(२) सिँचाई सम्बन्धी गुरुयोजना कार्यान्वयन र स्तरोन्नति

(३) आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,

(४) स्थानीय साना, सतह तथा भूमिगत सिचाई प्रणालीको सञ्चालन निर्माण, सुधार, मर्मतसम्भार

(५) सिंचाई सेवा शुल्कको निर्धारण र सङ्कलन व्यवस्थापन

(६) साना जल उपयोग सम्बन्धी आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन ।

खानेपानी तथा सरसफाई

(१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन

(३) सार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन

(४) पानी मुहानको संरक्षण

(५) स्वच्छ खानेपानी आपूर्ति सम्बन्धी अन्य विषय ।

(झ) भवन निर्माण तथा वस्ती विकास उपशाखा

भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन समेत)सम्बन्धी

(१) भवन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

(२) राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन

(३) भवन निर्माणको नक्शा स्वीकृति, संशोधन, नियमन

(४) पुरातत्विक सम्पदाको संरक्षण, सम्वर्द्धन र पुनःनिर्माण,

(५) सरकारी, विद्यालय र सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन एवं संरचना निर्माण र मर्मत संभार

जग्गा विकास तथा बसोबास व्यवस्थापनसम्बन्धी

